**आगलागीबाट सावधानी अपनाऔं ।**

निम्न कारणबाट आगलागी हुनसक्छ,
- आगोको प्रयोगमा होसियारी नअपनाउँदा ।
- प्रज्वलनशील वस्तुको उचित प्रयोग नगर्दा,
- हुरी बतास चल्दा,
- प्रयोगपछि आगोको उचित व्यवस्थापनमा लापरबाही गर्दा,
- चट्याङ पर्दा तथा बिजुलीका तार सर्ट हुँदा ।

**त्यसैले, सचेत रहौं, आगलागीबाट बचौं र बचाऔं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**



**PRATEEK DAILY**

# प्रतीक
राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com





निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।

eprateekdaily.com



❖ वर्ष ३६ ❖ २०७९ चैत १८ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 April 01 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २११


## ज्येष्ठ नागरिक सङ्घ, पर्साको अध्यक्षमा श्याम पोखरेल

# बुबाआमालाई यातना दिने छोराछोरीले सबै थोक गुमाउँछन् -अध्यक्ष प्रधान

प्रस, वीरगंज, १७ चैत/

ज्येष्ठ नागरिक सङ्घ, पर्साको चौथो जिल्ला अधिवेशन तथा १०औं साधारणसभा शुक्रवार वीरगंजमा सम्पन्न भएको छ ।



ज्येष्ठ नागरिक पार्क, लक्ष्मणवामा भएको साधारणसभाको उद्घाटन गर्दै प्रमुख अतिथि वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले सङ्घ सरकारले ज्येष्ठ नागरिकहरूलाई नहेरे पनि महानगरपालिकाले ज्येष्ठ नागरिकहरूलाई संरक्षण दिने बताए । आफू निर्वाचित भएदेखि ज्येष्ठ नागरिकहरूको लागि सङ्घ र प्रदेश सरकारसँग पहल गर्दै आएको बताए ।

नगरप्रमुख सिंहले महानगरले गर्नुपर्ने सहयोग त छँदैछ, त्यसबाहेक अति आवश्यक परेको बेला वीरगंज महानगर सहयोग गर्न तयार रहेको बताए ।

ज्येष्ठ नागरिकको अधिकार तथा सुरक्षाको विषयमा महानगरको कर्तव्य तथा कानून बनाउन पछि नपर्ने नगरप्रमुख सिंहको भनाइ थियो । उनले दातृ सङ्घसंस्थाबाट ज्येष्ठ नागरिकहरूको लागि के गर्न सकिन्छ भन्ने विषयमा छलफल गरी अगाडि बढ्ने बताए ।

कार्यक्रममा विशिष्ट अतिथि राष्ट्रिय ज्येष्ठ नागरिक महासङ्घका अध्यक्ष छत्र प्रधानले ज्येष्ठ नागरिकहरूको अधिकार प्राप्तिको लागि लामो समयदेखि प्रयास भइरहे तापनि केही समय पहिलादेखि सङ्गठित भई अधिकारको लडाइँमा आफूहरू लागिपरेको बताए । नेपालको संविधान २०७२ ले ज्येष्ठ नागरिकलाई प्रदान गरेको हक तथा अधिकार धेरै स्थानीय सरकारले पालना गर्न नमानेको बताए । नेपालमा सङ्घीयता आएपछि ज्येष्ठ नागरिकको मुद्दा सम्बोधन हुने गरेकोप्रति उनले खुशी व्यक्त गरे ।

संविधानले ज्येष्ठ नागरिकको लागि धेरै कुरामा अधिकार दिएको तर सरोकारवालाहरूले नमान्ने अवस्था रहेकाले सोको लागि लड्नुपर्ने आवश्यकतामा जोड दिए । यातायात, अस्पताललगायत अन्य धेरै क्षेत्र छन्, जहाँ ज्येष्ठ नागरिकको लागि केही अधिकार दिइएको छ, तर उनीहरू अहिले नमान्ने अवस्थामा छन्, जसको लागि महासङ्घले सङ्घर्ष गरिरहेको उनले बताए । यदि कसैले आफ्नो बुबाआमालाई हेरचाह गरेन, यातना दिइरहेको छ भने स्थानीय तहमा उजूरी गरे कारबाहीसँगै सम्पत्ति रोक्का गर्ने अधिकारसमेत दिएको उनले बताए ।

कार्यक्रममा केन्द्रीय उपाध्यक्ष शारदा चन्दले आफू ज्येष्ठ नागरिक हुनुभन्दा पहिले सरकारी सेवामा काम गर्दा ज्येष्ठ नागरिकहरूले भोगेका समस्याहरू स्मरण गर्दै आगामी दिनमा यस्तो समस्या हुन नदिन आफूहरूले अहिले सङ्घर्ष गरिरहेको बताइन् । सार्वजनिक जीवनमा काम गर्दा अधिकांश समय महिला, बालबालिका तथा ज्येष्ठ नागरिकको हकअधिकारको क्षेत्रमा नै काम गरेकोले नेपाल सरकारले नीति बनाए पनि प्रयोगमा नआएको बताइन् । अबको आवश्यकता कोही, केही नभएका ज्येष्ठ नागरिकहरूका लागि आवास तथा हिंसामा परेका ज्येष्ठ नागरिकहरूको लागि सुरक्षासहितको व्यवस्थापनको आवश्यकता रहेको बताइन् । हिजोसम्म धनसम्पत्ति जोडेका आफूहरू अहिले ज्येष्ठ नागरिक भएपछि परिवारका सदस्यले विश्वास नगर्ने, परेको बेला ऋण नदिने कस्तो समय आएको उनको भनाइ थियो ।

जिल्ला अध्यक्ष जगदीशप्रसाद शर्माको सभापतित्वमा शुरू भएको कार्यक्रममा केन्द्रीय सदस्य सूर्य श्रेष्ठ, प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मी, भारतीय महावाणिज्यदूत नितेश कुमारलगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा प्रहरी उपरीक्षक कोमल शाह, सशस्त्र प्रहरी उपरीक्षक सुमन थपलिया, सप्रजिअ भीमकान्त पौडेलगायतको सहभागिता थियो ।

कार्यक्रममा पूर्व जिल्ला अध्यक्ष पशुपति विक्रम शाहले स्वागत मन्तव्य तथा कार्यक्रमको सञ्चालन जीतेन्द्रपुरुष ढकालले गरेका थिए । कार्यक्रममा पशुपति विक्रम शाह, जुमाद्दीन शेख हवारी, ई. बैजनाथप्रसाद कोइरी, विनय गौतम, रामप्रसाद पण्डित, विश्वनाथ चौरसियालाई प्रशंसापत्रले सम्मान गरिएको थियो ।

आजको साधारणसभाले श्यामप्रसाद पोखरेलको अध्यक्षतामा ११ सदस्यीय कार्यसमिति चयन गरेको छ । नयाँ कार्यसमितिमा उपाध्यक्ष बैजनाथ कोइरी, सचिव विनय गौतम, कोषाध्यक्ष सुरेन्द्र श्रेष्ठ, उपसचिव रामप्रसाद पण्डित, उपकोषाध्यक्ष लालबाबू खान र सदस्यहरूमा उदयराज शर्मा, सावित्रीदेवी भूमिहारिन, जानकी पोखरेल, रामाकान्तप्रसाद कलवार छन् ।

## धोबिनी गापा कार्यालयको गेटमा तालाबन्दी

# करार कर्मचारीहरू धर्नामा

धर्मेन्द्र चौरसिया, पोखरिया, १७ चैत/

धोबिनी गाउँपालिका कार्यालयले करारमा कार्यरत १५ जना कर्मचारीलाई निष्कासन गरेपछि शुक्रवार उनीहरू गापा कार्यालयमा तालाबन्दी गरी मूलगेटमा धर्ना बसेका छन् ।



धर्नामा बसेका करार कर्मचारीहरू । तस्वीरः प्रतीक

करार सेवाबाट निकालिएका ल्याब असिस्टेन्ट अर्जुन साहले बिहान १० बजेदेखि कार्यालयमा रहेका नगरप्रहरीबाहेक सबैलाई निकालेर तालाबन्दी गरेर धर्नामा बसेको बताए ।

करार सेवाबाट हटाइएकी अनमी पिङ्की सर्राफले सेवाबाट हटाएको तीन दिनदेखि आन्दोलन गर्दै आएको तर सुनवाइ नगरिएपछि आज बाध्य भएर तालाबन्दी गरी धर्नामा बसेको बताइन् । उनले एउटै मितिमा ५१ जनालाई करार सेवामा बहाल गरिएको तर हटाउँदा १५ जनालाई मात्र हटाइएको भन्दै आक्रोश व्यक्त गरिन् । माग सम्बोधन नभएसम्म ताला नखोल्ने धर्नामा बसेका करार सेवाबाट निकालिएका कर्मचारीहरूको भनाइ छ । निष्कासित कर्मचारीहरूको आन्दोलनमा ऐक्यबद्धता जाहेर गर्दै वाइसिएलका केन्द्रीय सदस्य एवं जिल्ला संयोजक सन्तोष पटेलले फरक पार्टी र सिद्धान्त बोकेका कर्मचारीहरूलाई मात्र हटाइएको आरोप लगाए । गापा उपाध्यक्ष मञ्जु देवीले करार कर्मचारी हटाउनेबारे कार्यपालिका बैठकमा निर्णय नभएको बताइन् । उनले अध्यक्ष मदन चौहानको एकल निर्णय मात्र भएकोले विवाद भएको बताइन् । कार्यपालिका बैठकमा छलफल गरी निर्णय गरेर विधिवत्‌रूपमा प्रमुख प्रशासकीय अधिकृतमार्फत पत्र दिनुपर्नेमा त्यसो नगरिएको र पुरानो मितिमा तीन महीनाअघिको पत्र अहिले बुझाएको भन्दै अध्यक्ष चौहानको आलोचना गरिन् । प्रमुख प्रशासकीय अधिकृत महमद नवाज हुसेनले राजनीतिक सहमति जुट्न नसकेपछि सन्तोषजनक कार्य नदेखाएका १५ जना करार कर्मचारीहरूलाई अध्यक्षले हटाएको बताए । उनले दुई महीनादेखि यस विषयमा छलफल गरी अध्यक्षले सहमतिको प्रयास गरेको तर सहमति नभएपछि गापाको आर्थिक भार कम गर्न केही करार कर्मचारीलाई हटाएको बताए ।

गापा अध्यक्ष चौहानले भने पुस २९ गतेको कार्यपालिका बैठकको निर्णय कार्यान्वयन गरेको बताए । पुस २९ गतेको बैठकले करार कर्मचारीहरूको म्याद थप नगर्ने निर्णय गरेको र उनीहरूलाई चैत १५ गतेदेखि हटाइएको पत्र दिएसँगै सोही दिनदेखि गापा कार्यालयमा विवाद हुँदै आएको छ ।

## नेपाली नाबालिकाको रक्सौलबाट उद्धार

# प्रेममा फसाएर धर्म परिवर्तन गराएको आरोप

नितेश कर्ण, वीरगंज, १७ चैत/

मानव तस्करीविरुद्ध एकाइ, रक्सौलका प्रहरी निरीक्षक मनोज शर्माको



उद्धार गरिएको नाबालिका र फसाउने जावेदसहित उद्धारकर्मीहरू । तस्वीरः प्रतीक

टीमले एकजना नेपाली नाबालिकालाई उद्धार गर्नुका साथै निजलाई ललाइफकाइ भारतको ठूलो शहरमा लैजान लागेका जावेद खान भन्ने व्यक्तिलाई पक्राउ गरेको छ ।

रक्सौलस्थित एसएसबी पोस्ट भएर जाँदै गरेकी सविता कुमारी भन्ने नाबालिकालाई प्रहरीले सोधपूछ शुरू गरेपछि निजसँगै रहेका तीनजना युवकमध्ये दुईजना भाग्न सफल भएका र जावेदलाई पक्राउ गरिएको प्रनि मनोज शर्माले बताए । सोधपूछको क्रममा पक्राउ परेका जावेदले भागेका दुईजना नेपाली युवक इरफान खान र सलिम खान भएको बताए ।

जावेदले प्रहरीसमक्ष नाबालिकासँग विवाह गरेको र निजको धर्म परिवर्तन गरेर अहिले रमजानमा रोजा पनि बसाएको स्वीकारेको भारतीय प्रहरीले दाबी गरेको छ । सवितालाई आफन्त नेपाल संस्थाकी समन्वय अधिकारी सुनीता सापकोटालाई बोलाएर सोधपूछ गराउँदा सविताले धर्म परिवर्तन गराइ आफ्नो नाम मेहरुन खातुन राखिएको र जावेदले शारीरिक सम्बन्ध पनि कायम गरेको बयान दिएको भारतीय प्रहरीले जानकारी गराएको छ ।

सविताको बुबाले चलाएको पसलमा जावेद खाना खान जाने गरेको र सोही क्रममा बोलचाल बढेर सविता जावेदको प्रेममा फसेकी थिइन् । यो घटनाबारेमा नेपालमा जावेदविरुद्ध मुद्दा दायर भएकोले रक्सौल पुलिसले जावेद र सवितालाई नेपाल प्रहरीको जिम्मा लगाएको छ ।

यो घटनामा नेपाल प्रहरीका विनोद काफ्ले, आफन्त नेपालकी सुनीता सापकोटा, दीर्घकुमारी थापा, भारतीय प्रहरीका अनिल कुमार, मिकी कुमारी, डोली कुमारीले समन्वयकारी भूमिका खेलेका थिए ।

## छपकैयामा २४ कुण्डीय गायत्री महायज्ञ शुरू

नितेश कर्ण, वीरगंज, १७ चैत/

वीरगंज महानगरपालिका-१ छपकैयामा शुक्रवारदेखि २४ कुण्डीय गायत्री महायज्ञ शुरू भएको छ ।

गायत्री महायज्ञको आज पहिलो दिन कलश शोभायात्रा निकालिएको थियो । वेदमाता गायत्री शक्तिपीठ छपकैया-१ बाट निकालिएको कलश शोभायात्रामा सहभागी महिला, युवतीहरू मालपोत, बिर्ता, अलखियामठ, आदर्शनगर हुँदै घडीअर्वा पोखरीमा जल लिएर पुनः वेदमाता गायत्री शक्तिपीठ छपकैयामा पुगेर कलश शोभायात्राको विसर्जन भएको थियो । २४ कुण्डीय गायत्री महायज्ञमा आज साँझदेखि पण्डित श्रीराम शर्मा आचार्यद्धारा लिखित भागवत कथा हरिद्वारका पण्डितहरूले वाचन गर्ने बताइएको छ । बिहान ७ बजेदेखि हवन यज्ञ र साँझ भागवत कथा वाचन कार्यक्रम रहेको र २४ कुण्डीय गायत्री महायज्ञ चैत २१ गते समापन हुने बताइएको छ ।

## सार्वजनिक जग्गा अतिक्रमण गरेर बनेका संरचनामा डोजर चल्यो

प्रस, वीरगंज, १७ चैत/

सार्वजनिक जग्गा अतिक्रमण गरेर विभिन्न व्यक्तिले निर्माण गरेका संरचना



अतिक्रमित जग्गा खाली गराउँदै वीरगंज महानगरपालिका । तस्वीरः प्रतीक

शुक्रवार वीरगंज महानगरपालिका कार्यालयले हटाएको छ ।

वीरगंज महानगर-२५ सुक्खा बन्दरगाह चोकनजीक करीब १७ कट्ठा जग्गा अतिक्रमण गरी कच्ची र पक्की भवनहरू बनेकामा आज महानगरले डोजर लगाएर ती भवनहरू भत्काएको हो ।

नगरप्रमुख राजेशमान सिंहको निर्देशन अनुसार अतिक्रमित जग्गामा बनेका

(बाँकी चौथो पातामा)

### विचारसार र सूक्तिहरू

**वर्तमान राम्रो बनाऊ, भविष्य त आफ्नो हातमा छ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# बेरोजगारी समस्या

**कामको खोजीमा भौंतारिने अधिकांश बेरोजगार नेपाली गरीबीका कारण सामान्य र स्वस्थ जीवन जिउन सकिरहेका छैनन् । उनीहरूका बालबच्चाको उचित पोषण, शिक्षा वा स्वास्थ्यमा पहुँच छैन । बेरोजगारीका कारण अरू धेरै समस्या सिर्जित छन् । अस्वस्थ परिस्थिति, अपराध, प्रदूषण बेरोजगारीका कारण सिर्जित समस्या हुन् । युवाशक्ति रोजगारको खोजीमा गाउँबाट शहर पस्ने एवं वैदेशिक रोजगारमा जाने हुँदा गाउँको अवस्था कष्टकर बन्दै गइरहेको छ । रोजगारका लागि गाउँबाट शहरमा बसाईंसराइ गर्नेहरूको सङ्ख्या थेगिनसक्नु छ । यसले निम्त्याएका असरहरू भने कहालीलाग्दा छन् । अधिकांश गाउँ युवाविहीन छन्, जसले गर्दा सामाजिक, सांस्कृतिक निरन्तरतामा त कठिनाइ आएको छ भने विकास निर्माण कार्य सुस्ताएका छन् । कति युवाहरू वैदेशिक रोजगारको लहडले गर्दा घरखेत गुमाएर आत्महत्या गर्न बाध्य छन् । कति युवाहरू विदेशबाट रगत पसिना गरी आर्जेको रकम शहरको सकसलाग्दो, साँघुरो माटोमा खर्चिएर गन्तव्यविहीन बनेका छन् । युवावस्थामा कमाएको पैसा एक टुकुरो माटोमा खर्चिएपछि उमेर ढल्कँदै जाँदा न त ऊसँग कुनै उद्यम गर्ने रकम हुन्छ, न त गाउँमा खेतीपाती गर्न सक्ने सीप र जाँगर नै रहन्छ । शहरिया बन्ने लहडमा सारा आफन्त गुमाएर ऊ एक्लिन पुग्छ र जीवन झन् कहालीलाग्दो बन्छ ।**

**हरेक व्यक्तिको योग्यता अनुसारको नोकरी गर्ने र परिवारको भरणपोषण गर्दै आरामदायी जीवन जिउने सपना हुन्छ । तर अधिकांश नेपाली युवाले त्यो सपनाको पूरा गर्न पाउँदैनन् । नेपाल श्रम सर्वेक्षण (२०१९) अनुसार प्रत्येक वर्ष कम्तीमा १६ लाखदेखि २० लाख नेपाली युवा रोजगारको खोजीका लागि रोजगार बजारमा आउँछन् । उनीहरूमध्ये पाँच प्रतिशतले मात्र स्वदेशमा रोजगार पाएका छन् । विदेशिएका युवाहरूले पनि योग्यता, क्षमता अनुसारको काम पाउँदैनन् र खतरा, गाह्रो र फोहरको परवाह नगरी श्रम गर्न बाध्य छन् । यति हुँदा पनि रोजगारदाता एवं म्यानपावर कम्पनीको बदमाशीका कारण काम नपाउने, काम पाएर पनि तलब नपाउने, सहमति गरिएकोभन्दा फरक काम गर्नुपर्नेलगायतका समस्याहरू छन् ।**

**बेरोजगारीका कारण जीविका चलाउन गाह्रो त छँदैछ, देशको अर्थतन्त्र पनि प्रभावित पार्ने गर्दछ । केन्द्रीय तथ्याङ्क ब्युरोका अनुसार हाल नेपालमा करीब ८६ लाख व्यक्तिले उनीहरूको योग्यता र सीपअनुरूप रोजगार पाइरहेका छैनन् । देशमा निरक्षर, बेरोजगारी १८ प्रतिशत छ भने शिक्षित बेरोजगारी नौ प्रतिशत छ । मुलुकमा करीब ७० हजार व्यक्ति स्नातक वा मास्टर डिग्री गरीकन पनि बेरोजगार देखिएका छन् । खाडी देश र अन्य मुलुकहरूमा लागेका करीब आठ लाख युवामध्ये ७४ हजार स्नातकोत्तर, दुई लाख १६ हजार स्नातक, करीब चार लाखभन्दा बढी प्रमाणपत्र तह र १५ लाखभन्दा बढी एसएलसी पास गरेकाहरू छन् । देशको औद्योगिक पूर्वाधारको अभाव र राजनीतिक अस्थिरताका कारण आठ सयभन्दा बढी नेपाली युवा हरेक दिन देश छाड्छन् । यसरी विदेशिएका युवाहरूको हरेक दिन सरदरमा दुईवटा लाश नेपाल भित्रिने गर्छ । यस्तो दर्दनाक अवस्था हुँदा पनि देशभित्र रोजगार सिर्जना गर्नेतर्फ सरकार उदासीन छ । केही रोजगारका अवसरहरूमा नातावाद, कृपावाद र अनियमितता छ । सत्तामा बस्नेहरू बेरोजगार [redacted] पद र विप्रेषणमा लिप्त छन् ।**

# भौतिकवादी समाज र वैज्ञानिक समाजवादी व्यवस्था

स्वतन्त्र विचार



**बैधनाथ श्रमजीवी**
baidhnath2071@gmail.com

> **देशभित्र उत्पादनका सम्पूर्ण काम ठप्प पारेपछि मानिसहरू दिनदिनैको समस्याले घेरिनु स्वाभाविक हो । गाँस, बास, कपास, शिक्षा, स्वास्थ्यलगायतका आधारभूत नैसर्गिक सबै कुरा कमिशनको बलि चढ्नु स्वाभाविक हो । यसलाई नबुझेरै मानिसहरू भ्रमित हुन पुग्छन् ...**

जबसम्म मानव समाज जङ्गली अवस्थामा थियो, तबसम्म समाजको चरित्र सामुदायिक थियो । सामाजिक चरित्र सामुदायिक हुनुमा त्यति बेलाको उत्पादक शक्ति प्रकृति हुनु नै प्रमुख कारण थियो । मानवजीवनमा दुःखकष्ट आज पनि छ र त्यति बेला पनि थियो । बाँच्नको लागि सङ्घर्ष र असफलताका कठोर अनुभूतिहरू त्यति बेला पनि थिए र आज पनि छन् । विभिन्न प्रकारका रोगहरूलगायत उपरोक्त कुराहरूले जुनसुकै बेला मानिसलाई शिकार गरी मार्न तम्तयार थिए र आज पनि छन् । अर्कोतिर त्यति बेलाको प्राकृतिक विपत्तिहरू बाढी, पहिरो, भूकम्प, आगलागी, चट्याङ, खडेरी मानव समाजले लगातार बेहोर्दै आएका छन् । यस्तै-यस्तै अप्रिय कारकहरूका कारण मानिसहरू सुखका पछाडि भौंतारिएका छन् । तर सुख भने कदाचित मात्रै प्राप्त हुन्छ । यही दुःख, वेदना र क्लेशको समाधान गर्न शायद मानिसले भगवान्को चिन्तन तथा आराधना गर्न थालेका हुन् । संसारमा सुख र आनन्दका लागि मानिसले आध्यात्मिकता अँगाले । कतै आध्यात्मिक भावना र अभ्यासले जीवनमा सुख, मेलमिलाप र समृद्धि ल्याउन सहयोग हुन्छ कि भन्ने आशाले यसतर्फ आकर्षित भए । त्यसैका लागि पूजा, आराधनाको विधि-विधान र तीर्थको स्थापना तथा दर्शन गर्ने नियम बनाए । किनकि मानिस यो धरामा अरू प्राणीझैं निरीह छ । यो विश्व ब्रह्माण्डमा प्रकृतिको विशालकाय उपस्थिति अगाडि मानिसको हैसियत अति निरीह र नगण्य देखिन्छ । यसर्थ मानिसले एकातिर सुख र आनन्दका लागि आध्यात्मिक धारणाको विकास गरे । जस अन्तर्गत भगवान्, भाग्य, पुनर्जन्म, स्वर्ग, नर्क जस्ता चीजहरूको मिथक केवल कल्पनाभित्र तयार गरे ।

ठीक त्यसैगरी अर्कोतिर मानिसले जीवनमा सुख, समुन्नति तथा समृद्धि खोज्न अनेकन यन्त्रहरूको आविष्कार तथा प्रयोग गरे । ज्ञानविज्ञानका नयाँनयाँ क्षितिजहरूको खोज र आविष्कार गरी मानवजीवनलाई यथार्थको आधारमा दुःख, कष्ट र क्लेशका कारण खोज्नसमेत तल्लीन रहे । यस क्रममा उनीहरूले अध्यात्म र भगवान् तथा ईश्वरको अस्तित्वलाई सम्पूर्णरूपमा काल्पनिक मानेर अस्वीकार गरे । यस प्रकार मानव समाजमा जीवन र जगत्लाई हेर्ने दृष्टिकोण दुई किसिमका हुन पुग्यो । धार्मिक भाष्य अनुसार एउटा अध्यात्मवादी दृष्टिकोण छ भने अर्को भौतिकवादी दृष्टिकोण छ । यी दुई धार एकअर्काका विपरीत ध्रुवमा रही भिन्न व्याख्या र भिन्न तर्कहरू गरी एकअर्कालाई दोषारोपण गर्दै आएका छन् ।

एउटै अदृश्य सुपरपावरद्वारा यो पूरा संसार रचित तथा नियन्त्रित भइरहेको छ । हामी त्यही सुपरपावरका सृष्टि हौं र त्यसलाई बिर्सनु भनेको पाप हो । पाप गर्नाले हामी नर्कमा पर्छौं, यो मानव चोलामा भगवान्को भक्ति र भजन गाउनुपर्छ, प्रविधिले मानिसलाई भौतिकवादी र भोगवादी बनाउँछ, त्यसबाट हामी अलग हुनुपर्छ । यसप्रकारका चिन्तनलाई अध्यात्मवादी भनिन्छ ।

यसका विपरीत भौतिकवादीहरू छन्, जो भगवान् र भक्तिमा विश्वास गर्दैनन् । सबै कुरा विज्ञान र प्रविधि मात्र हो, प्रकृति हो भनेर विश्वास गर्छन् । ईश्वर, धर्म, भगवान् वा सुपरपावर इत्यादि वाहियात हो भनी तर्क पेश गर्छन् । संसारमा भगवान्, सुपरपावर वा ईश्वर भए यतिका दुःख, अन्याय, अत्याचार किन भइरहेको छ ? भगवान्ले दुःखीको दुःख निवारण किन गर्दैनन् आदि दृष्टिकोण जाहेर गर्छन् । भौतिकवादीका विश्लेषणमा यो सम्पूर्ण जगत् र ब्रह्माण्ड स्वस्फूर्त उत्पत्ति भएको हो र यो सृष्टि प्रकृतिबाट निर्देशित र नियन्त्रित छ ।

हाम्रो नेपाली समाज मूलतः आध्यात्मिक समाज नै हो । बहुजातीय, बहुभाषीय, बहुसांस्कृतिक तथा बहुधार्मिकतामा आधारित यो समाजको चरित्र आदर्शवादी नै रहेको छ । यहाँनिर सबैभन्दा चाखलाग्दो कुरो के छ भने अध्यात्मवादीहरू मात्रै होइन अधिकांश तथाकथित भौतिकवादीहरूसमेत अध्यात्मवादी हुन् । आफूलाई नेपाली कम्युनिस्ट पार्टीको मूलधार बताउने नेकपा एमाले, माओवादीलगायतका सम्पूर्ण संसद्वादी कम्युनिष्टसमेतले धार्मिकताको त्याग गर्न सकेका छैनन् । फलस्वरूप नेपालमा कम्युनिस्ट समर्थक मत धेरै देखिए तापनि भौतिकवादी समाज देखा पर्न सकेको छैन । पटकपटक कथित कम्युनिस्ट सरकार बने पनि सरकारले देशी-विदेशी पूँजीवादीको दलाली मात्रै गरेको देखिन्छ । फलस्वरूप हिजोसम्म चप्पल लगाउनेसमेत हैसियत नभएका कथित कम्युनिस्ट नेताहरू संसद्वादको चमत्कारले करोडपति, अर्बपति बन्न भ्याएका छन् । यस्तो अवस्थामा जनताले विचार पुऱ्याउनुपर्छ । जुन कम्युनिस्ट नेताको वा जुन कम्युनिस्ट पार्टीको व्यवहार दलालीको छ, जनमुखी छैन, तिनीहरूलाई मत दिएर जतिचोटि सत्तामा पुऱ्याए पनि पाउने केवल धोखा मात्रै हो । संसद्वादले विकास र समृद्धिको नाममा महँगी, बेरोजगारी, भ्रष्टाचारबाहेक अरू केही सकारात्मक कुरा दिन सक्दैन । साँच्चिकै नेपाल र नेपालीको समृद्धि चाहिने हो भने हामीले आजैको मितिबाट भौतिकवादी समाज निर्माणमा लाग्नुपर्ने हुन्छ । भौतिकवादी समाज भनेपछि त्यो अन्धविश्वासमुक्त हुनुपर्छ भन्ने कुरा बुझ्न जरुरी छ । सबैखाले अन्धविश्वासको जग अज्ञानता र धार्मिकता नै रहने गर्दछ । मानवजीवनमा राजनीतिक सत्ताले गर्दा देखिने गरेका भौतिक असुविधाहरू, विभेदहरू तथा भेदभावहरू कुनै पनि पूर्वजन्म वा पहिलेको कर्मको पापको फल होइन भन्ने कुरा सबैले बुझ्नु जरुरी छ । वर्गीय समाजभित्र शासक र शोषित कित्तामा बाँडिएको समाज हुँदाखानेहरू र हुनेखानेहरूको चरित्रलाई हामीले आर्थिक व्यवस्थामा गएर दलाल पूँजीवादले निम्त्याएका कृत्रिम सङ्कटहरूको रूपमा बुझ्न जरुरी छ । देशभित्र उत्पादनका सम्पूर्ण काम ठप्प पारेपछि मानिसहरू दिनदिनैको समस्याले घेरिनु स्वाभाविक हो । गाँस, बास, कपास, शिक्षा, स्वास्थ्यलगायतका आधारभूत नैसर्गिक सबै कुरा कमिशनको बलि चढ्नु स्वाभाविक हो । यसलाई नबुझेरै मानिसहरू भ्रमित हुन पुग्छन् कि उनीहरूको पूर्वजन्मको पापले यो सबै भइरहेको छ । त्यसैले अध्यात्मवादी चिन्तनसहितको समाजले वा पार्टी तथा कुनै नेताले भौतिकवादी समाज निर्माण गर्छु भन्छन् भने त्यो केवल मतको राजनीति हो वा अवसरवादी कुरा हो भनेर बुझ्नुपर्छ । यस्ता व्यक्तिहरू मुखले जति धेरै क्रान्तिकारी भएपनि व्यवहारमा अन्ततः स्वार्थी र भ्रष्टाचारी नै हुन्छन् । यिनीहरू रूपमा समाजको लागि केही गरेको जस्तो देखिए तापनि सारमा विकासको लागि अगाडि सर्दैनन् । बरु विभिन्न खालका तगाराहरू तेर्साइरहन्छन् । यसर्थ भौतिकवादी समाज निर्माणमा जतिसक्दो छिटो जुट्नुपर्ने अहिलेको आवश्यकता हो । किनभने भौतिकवादी समाजले मात्रै वैज्ञानिक समाजवादी व्यवस्था ल्याउन र टिकाउन सक्छ ।

# अब स्थानीय तहबाटै श्रम स्वीकृतिका लागि आवेदन

काठमाडौं, १७ चैत/रासस

सरकारले आगामी वैशाख १ गतेदेखि वैदेशिक रोजगारका लागि लिइने श्रम स्वीकृतिको आवेदन स्थानीय तहबाट गर्न सकिने व्यवस्था गरेको छ । अहिले नयाँ श्रम स्वीकृति र पुनः श्रम स्वीकृतिको काम अनलाइनबाट भइरहेको छ ।

अनलाइनबाट आफैं श्रम स्वीकृतिका लागि आवेदन दिन नसक्नेले भने वैदेशिक रोजगार कार्यालय आसपास रहेका सेवा प्रदायकबाट शुल्क तिरेर सेवा लिंदै आएका छन् । सरकारले स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रमार्फत नै निश्शुल्करूपमा आवेदन दिन सक्ने निर्णय गरेको छ ।

सेवाग्राहीलाई नजीकको स्थानबाटै सेवा प्रदान गर्ने उद्देश्यअनुरूप स्थानीय तहबाट नै सेवाप्रवाह हुनु फलदायी हुने भन्दै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको समेत जिम्मेवारी सम्हालेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले मन्त्रीस्तरबाट बुधवार उक्त निर्णय गरेका हुन् ।

स्थानीय तहबाटै वैदेशिक रोजगारसम्बन्धी सूचना सरोकारवालामा पुऱ्याउने र वैदेशिक रोजगारका लागि व्यक्तिगत श्रम स्वीकृति र पुनः श्रम स्वीकृतिका लागि आवेदन गर्ने कार्य आगामी वैशाख १ गतेदेखि स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रमार्फत समेत गर्नेगरी प्रधानमन्त्रीबाट निर्णय भएको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका सहप्रवक्ता कविराज उप्रेती रोजगार सेवा केन्द्रबाट नै श्रम स्वीकृतिका लागि आवेदन दिन सकिने भएपछि वैदेशिक रोजगारमा जाने श्रमिकले निकै फाइदा लिन सक्ने बताउँछन् । आफ्नो गाउँमैं रहेको सेवा केन्द्रमार्फत आवेदन दिन सकिने भएपछि रोजगार कार्यालय आसपास रहेका सेवाप्रदायककोमा फाराम बुझाउन जान नपर्ने उनको भनाइ छ ।

"अब श्रमिकले सटरमा फाराम बुझाउन जान परेन, रोजगार सेवा केन्द्रबाट निश्शुल्क सेवा लिन सकिनेछ, यसबाट श्रमिकको समय र पैसा पनि बचत हुन्छ," सहप्रवक्ता उप्रेती बताउँछन् । सरकारी निकायबाटै आवेदन दिन सकिने भएपछि श्रम स्वीकृतिका लागि आवश्यक कागजपत्र नपुगेको भन्दै सेवाप्रदायकले सेवाग्राहीसँग गर्ने अनुचित लेनदेनको अवस्था पनि यसले अन्त्य गर्ने उनको विश्वास छ । "कागजपत्र लिने र स्क्यान गर्ने तर कुनै कागजपत्र श्रम स्वीकृति लिने प्रणालीमा अपलोड नगर्ने र सेवाग्राहीसँग कागजात पुगेन भन्दै बार्गेनिङ गर्ने प्रवृत्ति अन्त्य हुनेछ," सहप्रवक्ता उप्रेती भन्छन् ।

सेवा केन्द्रबाट आवेदन दिंदा सम्बन्धित स्थानीय तहबाट कति श्रमिक वैदेशिक रोजगारमा गए, कुन-कुन सीपयुक्त जनशक्ति बाहिरिए भनी तथ्याङ्क राख्न पनि सहयोग हुनेछ । बेरोजगार र रोजगारको स्थितिका बारेमा पनि जानकारी लिन सकिने उनको भनाइ छ ।

मन्त्रालयले चैत महीनाभित्रै रोजगार सेवा केन्द्रमा रहेका कर्मचारीलाई अभिमुखीकरण गर्ने तयारी गरेको छ । "चैतभित्र अभिमुखीकरण सम्पन्न गरी वैशाख १ देखि कार्यान्वयन गर्ने तयारी गरेका छौं," उनी भन्छन्, "रोजगार संयोजक र सहसंयोजकलाई अनलाइबाटै अभिमुखीकरण गर्ने योजना छ ।"

सरकारले ७५३ स्थानीय तहमा रोजगारसम्बन्धी सेवाप्रवाहमा सहजीकरण गर्नेगरी रोजगार सेवा केन्द्र स्थापना गरेको छ । उक्त केन्द्रमा रोजगार संयोजक र रोजगार सहसंयोजक गरी दुई कर्मचारीको दरबन्दी उपलब्ध गराइएको छ ।

## एमाले कुनै गठबन्धन भत्काउने या बनाउने खेलमा छैन -उपाध्यक्ष पौडेल

अत्तरिया, १७ चैत/रासस

नेकपा (एमाले)का उपाध्यक्ष विष्णु पौडेलले एमाले सत्ताका लागि कुनै गठबन्धन बनाउने या भत्काउने खेलमा नलागेको स्पष्ट गरेका छन् ।

पार्टीको 'मिसन ग्रासरूट' अभियान अन्तर्गत शुक्रवार उपाध्यक्ष पौडेलसमक्ष अहिलेको गठबन्धनको विकल्पमा एमाले लागेको छ कि भन्ने सञ्चारकर्मीको जिज्ञासामा उनले सो धारणा राखेका हुन् ।

उनले भने, "अहिले एमाले सत्तामा जानकै लागि कुनै गठबन्धन बनाउने या भत्काउने पक्षमा लागेको छैन, पार्टीलाई थप बलियो बनाउने पक्षमा लागेको छ, त्यसैले हामी देशव्यापीरूपमा मिसन ग्रासरूट कार्यक्रममा छौं ।" तर उनले अहिलेको गठबन्धन भत्काउन चाहेमा एमालेले सक्ने पनि बताए । उनको भनाइ थियो तर अहिले एमाले गठबन्धन भत्काउने र बनाउनेभन्दा पनि पार्टीलाई बलियो बनाउने अभियानमा लागेको छ ।

धनगढीमा प्रेस चौतारीले गरेको अन्तर्क्रियामा उनले आफ्नो पार्टी सशक्त प्रतिपक्षको भूमिका निर्वाह गरेर बस्ने बताए । एमालेले अबको अर्को निर्वाचनमा बहुमत ल्याउने गरी अगाडि बढेको र हाल सशक्त प्रतिपक्षको भूमिकामा रहने उनले जानकारी दिए ।

अर्को प्रसङ्गमा उनले नेकपा एमालेको नेतृत्वबाट देशमा राजनीतिक स्थायित्व र समृद्धि प्राप्त हुने बताए । पार्टीलाई ग्रामीण तहसम्म नै स्थापित गर्नका लागि एमालेले मिसन ग्रासरूट अभियान सञ्चालन गरेको जानकारी उनले दिए ।

देश डरलाग्दो गरी अस्थिरतामा फसेको उनको भनाइ थियो । पूर्वअर्थमन्त्रीसमेत रहेका नेता पौडेलले मुलुक अर्थतन्त्र समाल्न नसक्ने अवस्थामा पुगेको उनको विश्लेषण थियो ।

"देशमा विप्रेषणको परिसूचकबाहेक सबै सूचक नकारात्मक देखिएका र अहिलको आन्तरिक राजस्वले साधारण खर्च पनि धान्न नसक्ने अवस्थामा पुगेको उनले बताए । उनले अन्तर्राष्ट्रिय सहयोगदाताले गरेका प्रतिबद्धता पनि प्राप्त हुन नसकेको र यस्तो अवस्थामा पनि सरकार गम्भीर हुन नसकेको धारणा राखे ।

उपाध्यक्ष पौडेलले सो पार्टीका नेता भीम रावलले पार्टीको अनुशासन पालना नगरे उनीमाथि अनुशासनको कारबाही हुने पनि बताए ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# वाटिका

वर्ष ३६ — २०७९ चैत १८ गते शनिवार — 2023 April 01 Saturday



## भुइँमा सुतेर एलएससी दिंदा


स्वान्त सुखाय:



सञ्जय मित्र

mitrasanjay41@gmail.com


अहिले एसइई भनिन थालिएको छ, पहिले एसएलसी थियो । एसएलसी र एसइई एउटै होइनन् । एसएलसी गरेपछि आइए, आइकम, आइएल, आइएस्सी आदि पढ्न पाइन्थ्यो । यी सबै त्रिभुवन विश्वविद्यालयको कलेजमा पढाइ हुन्थ्यो । अहिले विश्वविद्यालयहरूमा स्नातक तहदेखि माथिको पढाइ मात्र हुन्छ । अहिले आइए, आइकम, आइएल, आइएस्सी भनिंदैन । यो तह नै विद्यालयमा गाभिएपछि विद्यालय तहको पठनपाठन कक्षा बाऱ्हसम्म बन्न पुगेको छ ।

पहिले अहिलेको जस्तो समाजमा शिक्षाको प्रसार भइसकेको थिएन । गरीबहरू आफ्ना सन्तानलाई पढाउँदैनथे । विपन्न वर्गको यसप्रतिको दृष्टिकोण सकारात्मक थिएन । आफू निरक्षर रहेको र पढाइमा उमेर खेर जान्छ भन्ने सोचाइले बढी नकारात्मक भाव उत्पन्न हुने गरेको थियो । बिस्तारै शिक्षाको महत्त्व बुझ्दै गएको छ, समाजले । पहिले जहाँ गाउँबाट पढ्न जाने बालबालिकालाई हेपिन्थ्यो, त्यहाँ आज विद्यालय नजाने बालबालिका हेपिन्छन् । हेपाइ राम्रो हुँदै होइन तर अवस्था परिवर्तन भइसकेको छ । यद्यपि अझै पनि यस्ता परिवार छन्, जहाँ विपन्नता र अज्ञानता दुवैको बोझले थिचिएर अभिभावकले आफ्ना बालबालिकालाई विद्यालय नपठाएको अवस्था छ ।

म २०४७ मा एसएलसी परीक्षामा सहभागी भएको हुँ । जन्मभूमि गेडहीमा रहेको प्राथमिक विद्यालयबाट कक्षा पाँच उत्तीर्ण गरी धरहरीस्थित जय किसान माध्यमिक विद्यालयमा कक्षा ६ देखि एसएलसीसम्म पढेको हुँ । यहींबाट एसएलसीमा सहभागी भएको हुँ ।

पहिले माध्यमिक तहको विद्यालयको सङ्ख्या कम भएको र अर्को विद्यालयमा परीक्षा केन्द्र हुने भएकोले धरहरीको विद्यार्थीका लागि कटहरिया परीक्षा केन्द्र हुन्थ्यो । म गेडहीको मान्छे, परीक्षा केन्द्र भएको ठाउँ कटहरिया कहिल्यै गएको थिइनँ । त्यति बेला कुनै काम पर्ने ठाउँ नै नभएकोले हामीलाई अपायक लाग्थ्यो । कटहरियातिर आफ्नो आफन्त कोही थिएनन् ।

एकजना छिमेकी जगदेव ठाकुर नामको मानिसले आफ्नो घर बनाएका थिए, कटहरिया गाउँमा । अहिले पनि बजार र गाउँ अलग छन् । घरबाट बुबाको सल्लाह र निर्देशनमा म ओढ्ने ओछ्याउनेसहित कटहरिया गाउँ पुगें । भोलिपल्ट परीक्षा थियो । गएर प्रवेशपत्र बुझें । प्रवेशपत्र पाएपछि परीक्षार्थी भएको चाहिं ढुक्क भयो ।

परीक्षाको डर निकै थियो । मलाई मात्र होइन, अधिकांश परीक्षार्थीमा परीक्षाको त्रास हुन्थ्यो । समय अलिकति पनि कोही खेर फाल्न चाहँदैनथे । प्रवेशपत्र लिएर डेरामा आएर पढ्न बसें । बिल्कुलै नयाँ ठाउँ र जुन घरमा डेरामा छु, उक्त परिवारका कसैलाई मैले चिनेको छैन । गाउँकै मानिस हुन् र हुँ पनि तर दुई गाउँ भएपछि उति आवतजावत नहुँदा पनि खासै चिनजानको अवस्था नभएको हुनुपर्छ । म जगदेव ठाकुरलाई चिन्दथें । जगदेओ काका भनेर सम्बोधन गर्दथें तर त्यस दिन राति पनि जगदेव काका आउनुभएन घर । अनि घरका बाँकी सदस्यसित चिनजान नभएको हुँदा दोहोरो संवादमा निकै असहजता अनुभूति भयो । मुख्यगरी दुई सवालमा भने मलाई निकै असहज भयो ।

पहिलो कुरो खाना खान र दोस्रो सुत्न । अरूकहाँ खाना खान मलाई असजिलो लाग्छ अझै पनि । चिनजान नै नभएको परिवारमा खाना खान त बसें तर मलाई यस्तो लागिरहेको थियो कि म बोझ हुँ, यस घरको लागि । मैले घरबाट नै अलिकति पकाउने भाँडाकुँडा, चामल, थाली, लोहोटा आदि लगेको थिएँ । भोलिदेखि परीक्षा हुँदैछ भन्ने त्रासपूर्ण उत्साह मनमा थियो भने बिल्कुलै अपरिचित, अनजान घरमा शतप्रतिशत अपरिचितहरूसित खाना खाँदा निकै अप्ठ्यारो भएको थियो ।

सुत्नलाई एउटा कुना दिइएको थियो । पराल बिछ्याएको थियो । मैले ओढ्ने लगेको थिएँ तर सिरकचाहिं होइन । माघको महीना थियो । स्वीटर लाएरै सुतें । जगदेओ काकाको घरमा काका राति सुत्ने बेलासम्म नआउँदा मलाई जेलको कैदीबन्दीजस्तो लागिरहेको थियो । कतै जानु कसरी ? घरका बाँकी सदस्यले पनि कुनै सोधपूछ गरिरहेका थिएनन् । आफैंले घरबाट लिएर गएको लालटेनको प्रकाशमा भोलिको परीक्षाको तयारी गरिरहेको थिएँ । राति समयमैं सुत्नुपर्छ र बिहान समयमैं उठ्नुपर्छ भन्ने थियो । अब एउटा ओढ्नेको भरमा भुइँमा बिछ्याइएको परालको बिछ्यौनामाथि एउटा ओढ्नेको भरमा रात कटाइयो ।

पहिलो दिनको परीक्षा राम्रो भयो । परीक्षा दिएर निस्केपछि मलाई खानाको चिन्ताले सतायो । राति राम्ररी खाना खाएको थिइनँ । सबै साथीचाहिं खाजा खाएर परीक्षा दिन गएको बताइरहेका थिए । आफूचाहिं भोकभोकै । राति सुताइको अवस्था पनि यस्तै थियो । सबैले आफ्नो हालत बताउँदै परीक्षा केन्द्रबाट जहाँ सबैले परीक्षाभरिको लागि डेरा लिएका थिए, त्यतातिर गइरहेका थिए । म पनि ८/१० जनाको समूहमा थिएँ । मैले पनि आफ्नो कथा–व्यथा

(बाँकी पाँचौं पातामा)

## दी अमेरिकन लाइफ–२८


धारावाहिक



विश्वराज अधिकारी

akoutilya@gmail.com


**अमेरिकाबारे भ्रम**

अमेरिकाको आर्थिक जीवनबारे धेरैलाई भ्रम छ । एशिया, अफ्रिका, दक्षिण अमेरिकाका नागरिकहरूमा अमेरिकाको आर्थिक जीवनबारे ठूलो भ्रम छ । खासगरी दक्षिण अमेरिका, एशिया र अफ्रिकाका गरीब नागरिकहरूमा अमेरिकाको आर्थिक जीवनबारे ठूलो भ्रम छ र यो भ्रमले गर्दा यी महादेशका गरीबहरू जसरी पनि अमेरिका प्रवेश गर्न खोज्छन् । गैरकानूनीरूपमा नै भएपनि अमेरिका प्रवेश गरेर सरल जीवनयापन गर्ने सपना देख्छन् ।

विश्वका बहुसङ्ख्यक नागरिकमा अमेरिकाबारे ठूलो भ्रम के छ भने अमेरीकी जीवन ज्यादै सरल छ । सुख, सुविधाले युक्त छ । धन आर्जन गर्न सजिलो छ । मेहनत नगरेर नै धन आर्जन गर्न सकिन्छ । जसरीतसरी एकपटक जीवन जोखिममा नै पारेर भएपनि अमेरिका प्रवेश गर्न पाए जीवनका बाँकीका वर्षहरू आनन्दपूर्वक बिताउन सकिन्छ । यस्तो विश्वासका कारणले गर्दा प्रत्येक वर्ष हजारौंका सङ्ख्यामा व्यक्तिहरू जल, स्थल र हवाई मार्गबाट विश्वका अनेक मुलुकहरूबाट अमेरिका प्रवेश गर्ने प्रयास गर्छन् ।

अमेरिकामा चारैतिर सुख नै सुख छ भन्ने बलियो विश्वासले प्रत्येक वर्ष संसारभरिका लाखौं परिवार र व्यक्तिहरूलाई अमेरिका प्रवेश गर्न मोहित र उत्प्रेरित गर्छ । तर यो विश्वास सत्य नभएर केवल भ्रम हो । संसारभरिबाट अमरिका आउन खोज्नेहरूले विश्वास गरेझैं अमेरिकमा आर्थिक जीवन सरल छैन । उल्टो अति प्रतिस्पर्धापूर्ण छ । सङ्घर्षमय छ । अमेरिकमा पैसा कमाउन कडा परिश्रम र कठोर सङ्घर्ष गर्नुपर्दछ । गलत र गैरकानूनी कार्य गरेर निकै पैसा अमेरिकमा कमाउँला भनी कसैले सपनामा पनि नसोंचे हुन्छ ।

यथार्थ के हो त ? यथार्थ के हो भने क्षमतावान् व्यक्तिहरूको लागि अमेरिकामा धन आर्जन गर्न सजिलो छ । उच्च शिक्षा हासिल गर्न सजिलो छ । अर्थात् अमेरिकामा बलियाहरूमध्ये बलियो भए भने प्रगति गर्न सजिलो छ । तर अर्को देशबाट आउने सामान्य व्यक्तिको लागि भने अमेरिकमा सपना देखेजति सजिलो छैन । चारैतिर कडा प्रतिस्पर्धा छ । अर्थात् धन कमाउन, उच्च ओहदामा पुग्न, उच्च शिक्षा हासिल गर्न, सबैतिर उच्च प्रतिस्पर्धा छ । अमेरिकाबाहिरबाट आउनेहरूको लागि अमेरिका आएर स्थापित हुन सजिलो छैन । लामो सङ्घर्ष गरेपछि मात्र बाहिरबाट आएकाहरूले अमेरिकामा सरल जीवनको श्रीगणेश गर्न सक्छन् । तर संसारभरिका मानिसहरूले अमेरिकामा केवल सुख छ, दु:ख कतै छैन भन्ने ठानेका छन् । अन्य देशहरूबाट अध्ययन गर्न, डिभी परेर तथा अन्य उद्देश्यका साथ अमेरिका आएकाहरूले अमेरिकामा स्थापित हुन कडा परिश्रम गर्नुपर्छ । सफल हुन ठूलो श्रम र समय लगाउनुपर्छ ।

व्यापारको नै कुरा गरौं । अमेरिकामा व्यापार गर्न सजिलो छैन । व्यापारमा झनै तीव्र प्रतिस्पर्धा छ । ठूलाठूला व्यापारिक संस्थाहरूसँग सानासाना व्यवसाय गृहहरूले प्रतिस्पर्धा गर्न कठिन छ । यो कारणले गर्दा पनि अन्य देशबाट अमेरिका आएकाहरूले व्यापार गर्दा कम प्रतिस्पर्धा खेप्नुपर्ने व्यापारको क्षेत्र रोज्ने गर्छन् । रेस्टुरेन्ट, मोटेल, ग्याँस स्टेशन, सुविधाभण्डार आदि यस्ता व्यवसायहरू हुन्, जसले बजारमा तीव्र प्रतिस्पर्धाको सामना गर्नुपर्दैन । अझै मूलधारको अमेरिकी खाना नरोजेर मौलिक स्वादको खाना जस्तै नेपाली खाना, भारतीय खाना, चाइनिज खाना आदि राखेर रेस्टुरेन्ट चलाउने हो भने प्रतिस्पर्धा कम खेप्नुपर्छ । यसैगरी, कम आम्दानी हुने व्यवसाय जस्तै मोटेल, सुविधाभण्डार आदिमा पनि प्रतिस्पर्धा कम हुने गर्छ । यो कारणले गर्दा पनि अमेरिकामा प्रवासीहरू मोटेल, रेस्टुरेन्ट, सुविधाभण्डार, ग्याँस स्टेशन जस्ता व्यवसायमा संलग्न हुन रुचाउँछन् ।

अमेरिकाको कर्मचारीतन्त्र, नियम,

(बाँकी पाँचौं पातामा)

## शिक्षक बढुवा : फकाउने सफल, पढाउने विफल (१)


सरोकार



राजेश मिश्र

rajesh560107@gmail.com


पेशाप्रति वफादार शिक्षकलाई सम्मान गर्नुपर्छ । ऊर्जान्वित गर्नुपर्छ । निष्ठावान् शिक्षकको उत्साह प्रवर्धन गर्ने कार्य सम्बन्धित निकायका साथै जनउत्तरदायित्व पनि हो । मापदण्ड पुगेका सेवाकर्मीको पद बढुवा हुनु हरेक दृष्टिकोणले सत्कार्य हो । यद्यपि सत्ता, शक्ति र भक्तिभङ्गिमाको भऱ्याङ चढेर बढुवामा पर्नु चाप्लुसबाज प्रवृत्तिको द्योतक हो । बढुवासम्बन्धी कार्यविधिको धज्जी उडाउनु हो ।

सरकारले शिक्षकलाई प्रोत्साहित गर्नका निम्ति बढुवाको अतिरिक्त विविध नीति लिएको हुन्छ । यद्यपि सरकारी नीति तथा कार्यक्रमको कार्यान्वयन पारदर्शी, निष्पक्ष र विवादमुक्त हुन सकेको छैन ।

शिक्षकको बढुवासँग सम्बन्धित कार्यविधिको सक्षिप्त अंश, शिक्षण सेवासँग सम्बन्धित भुक्तभोगीहरूको कथनमा आधारित यस आलेखमा नेपाल कानून पत्रिकामा प्रकाशित नजीर प्रस्तुत छ ।

**बढुवासम्बन्धी कार्यविधि, २०७९**

बढुवासम्बन्धी कार्यविधिको मर्मअनुरूप अक्षरश: कार्यसम्पादन हुने हो भने अवाञ्छित छनोटको शून्य सम्भावना हुँदैन । बढुवासम्बन्धी कार्यविधिबारे संक्षिप्त अंश यस प्रकार छ:–

प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहको द्वितीय र प्रथम श्रेणीका रिक्त दरबन्दीको विवरणको आधारमा ७५ प्रतिशत कार्यसम्पादन मूल्याङ्कनको आधारमा र २५ प्रतिशत आन्तरिक प्रतियोगितात्मक आधारमा वर्गीकरण गरी शिक्षकको श्रेणी वृद्धि गर्ने नियम छ ।

शिक्षक सेवा आयोगले सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको कार्यसम्पादनको मूल्याङ्कनका आधारमा हुने बढुवासम्बन्धी कार्यलाई नियमित, वस्तुगत र व्यवस्थित गर्ने उद्देश्यले शिक्षक सेवा आयोग नियमावली २०५७ को नियम ५३ को अधिकार प्रयोग गरी 'बढुवासम्बन्धी कार्यविधि, २०७९' अस्तित्वमा छ ।

बढुवाको लागि उम्मेदवार हुन सम्बन्धित श्रेणीको तहमा पाँच शैक्षिकसत्रको नोकरी अवधि पूरा गरेको स्थायी शिक्षक हुनुपर्नेछ । त्यसैगरी, बढुवाको लागि पद निर्धारण र आधार, नोकरीको ज्येष्ठता, शैक्षिक योग्यता, तालीम, कार्यसम्पादन, अध्यापन गरेको सम्बन्धित विषयमा विद्यार्थीले प्राप्त गरेको उपलब्धि, विशेष जिम्मेवारी, कार्यसम्पादनको आधारमा सुपरीवेक्षक र पुनरावलोकन समितिले गरेको मूल्याङ्कन, बढुवाको नामावली प्रकाशन, बढुवा सिफारिश उपर परेको उजूरी र पुनरावलोकन, बढुवा मिति र बढुवा नियुक्ति गरी छनोट गर्ने विविध चरणहरू तोकिएका छन् ।

कार्यविधिले शिक्षक बढुवाको लागि सिफारिश गर्ने र प्रमाणित गर्ने अधिकारी स्थानीय तह अनुसार तोकेको छ । शिक्षक बढुवाको सिफारिश प्रधानाध्यापकले गर्ने र शिक्षा अधिकृतले प्रमाणित गर्ने व्यवस्था गरिएको छ । त्यस्तै, प्रधानाध्यापक वा सो सरह वा उपल्लो तह र श्रेणीको शिक्षकको सिफारिश शिक्षा अधिकृतले गर्ने र शिक्षा प्रमुखले प्रमाणित गर्ने व्यवस्था गरेको छ । कार्यविधिले कार्यसम्पादन मूल्याङ्कन गर्ने सुपरीवेक्षक र पुनरावलोकन समिति रहने व्यवस्था छ । शिक्षकको सुपरीवेक्षक प्रधानाध्यापक हुने र पुनरावलोकन समितिमा प्रधानाध्यापक, स्थानीय तहको शिक्षा प्रमुख र शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख रहने व्यवस्था गरेको छ ।

त्यसैगरी, प्रधानाध्यापक वा सरह वा माथिल्लो तह र श्रेणीको शिक्षकको सुपरीवेक्षकमा स्थानीय तहको शिक्षा प्रमुख र पुनरावलोकन समितिमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, स्थानीय तहको शिक्षा प्रमुख र शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख रहने व्यवस्था छ ।

**पथभ्रष्टताको दोष**

कतिपय शिक्षकले जीवनभरि सेवा गरे । सेवानिवृत्त भए । तर स्तर वृद्धिको कुरै नगरौं, प्रारम्भिक सूचीमैं कहिल्यै नाम नपरेको गुनासो पोख्ने शिक्षकहरू छन् । त्यसैगरी, हाल कार्यरत शिक्षकहरू पनि थुप्रै छन्, जो बहाली भएकै श्रेणी अर्थात् तेस्रो श्रेणीमा लामो समयदेखि कार्यरत छन् । शिक्षकहरूको भनाइलाई मान्ने हो भने कानूनमा हाकिमको नियतमा विश्वास गर्ने शिक्षकहरूले बढुवाबारे अपवादभन्दा बढी कल्पना गर्न सकिने अवस्था छैन । मापदण्ड पूरा नगरेका शिक्षकको बढुवा हुनु र मापदण्ड पूरा गर्ने शिक्षक बढुवामा नपर्नु प्रणालीको कमजोरीले भूमिका खेलेको शिक्षकहरू आरोप लगाउँछन् । उनीहरू फकाउने शिक्षक बढुवामा पर्ने र पढाउने शिक्षक विफल हुने कुरा नितान्तरूपमा पथभ्रष्टताको दोष रहेको बताउँछन् ।

बढुवाको न्यूनतम मापदण्ड पुगेका धेरै शिक्षकले बढुवा पाइने आसले हरेक वर्ष कार्यसम्पादन मूल्याङ्कन फाराम भरेर निकायमा बुझाउने गरेका छन् । तर फाराम भर्नेहरूमध्ये अधिकांश शिक्षक बढुवा नभएकाले निराश हुन थालेका छन् । त्यसको असर कक्षाकोठाको पठनपाठनमा पनि पर्ने गरेको छ । विद्यालयको सेवामा मात्र लाग्ने शिक्षकहरूले कार्यसम्पादन मूल्याङ्कनको आधारमा हुने बढुवा पाउन कठिन छ ।

पद बढुवा राजनीतिक पहुँच, पैसा र शक्तिमा केन्द्रित पुरस्कार भइसकेको छ । किनभने अवाञ्छित गतिविधिका भऱ्याङ चढेर टुप्पोसम्म पुग्ने उदाहरणीय शिक्षकहरूको कमी छैन । आफूले पढाएकै विद्यार्थी वा धेरैपछि बहाल भएका कनिष्ठ शिक्षकले उछिन्दै स्तरवृद्धिको टुप्पोसम्म पुग्ने चाप्लुसबाज शिक्षकहरूको कारण शैक्षिक क्षेत्रको दुरवस्था निर्मूल हुन नसकेको भन्ने शिक्षकहरू थुप्रै छन् । नियामक निकायको दुर्नियतले वरिष्ठ, कनिष्ठ र कनिष्ठ वरिष्ठ पारिने अन्यायपूर्ण खेल पीडित शिक्षकहरूभन्दा अन्यलाई थाहा हुने कुरै भएन । यस्तो प्रवृत्तिले न वास्तविक हकदारको हीनताबोध निर्मूल गर्न सकिन्छ, न यस्तो रवैयाले शैक्षिक प्रणाली प्रगतिपरक हुन सक्छ । त्यस कारण पथभ्रष्ट प्रणालीको विस्तार गर्ने श्रेय पूर्णरूपेण उनीहरूमाथि जान्छ, जो पद र शक्तिको गरिमालाई आर्थिक स्वार्थको परतमुनि विलुप्त पार्ने कार्यमा उद्यत छन् ।

**चेन अफ कमान्ड**

चेन अफ कमान्ड अन्तर्गत तलदेखि माथिसम्म क्रमश: विद्यालय प्रशासन, स्थानीय तह मातहतका शिक्षा शाखा, जिल्ला शिक्षा तथा समन्वय एकाइ र शिक्षक सेवा आयोगलगायत तहगत निकाय जिम्मेवारीमा विराजमान छन् । यद्यपि मुसाहरू घरभित्रका अन्नपातसम्म पुगेझैं कुनियत प्रवृत्ति चोरबाटोबाट प्रवेश गर्छ ।

प्रलोभनको चोटले घाइते हुनुको सट्टा रमाउन थाल्नु नै गौ प्रवृत्तिलाई शिथिल र सर्प प्रवृत्तिलाई अग्रसरता प्रदान गर्नु हो । स्मरण रहोस्, गङ्गामा स्नान गर्न सकिन्छ । कर्तव्यपरायणताको कसम खान सकिन्छ । बाहिरी आवरण शुद्ध र सफा दर्शाउन सकिन्छ । तर वञ्चित पारिएका वास्तविक हकदारसमक्ष शिर ठाडो पार्ने हिम्मत हुँदैन । किनभने आफैंभित्रका स्वच्छ तर कुनियतका चाङमुनि ओत पारिएका न्यून मानवीयताले अनुमति दिंदैन ।

अचम्मको कुरा त के हो भने मुसा प्रवृत्तिलाई धपाउनेभन्दा स्वागत गर्ने पदासीनहरूका कारण भ्रष्टतन्त्र मौलाइरहेको छ । मानौं प्रणालीमा भ्वाङ पार्ने मुसा प्रवृत्तिले पहिलो द्वार पार गऱ्यो र दोस्रो वा त्यसपछिका कुनै द्वारमा समातियो भने त्यसलाई पहिलो द्वारबाट भूल भएको हो भन्ने कुरा मान्न सकिन्छ । तर कुनै पनि द्वारमा समातिएन वा सबै द्वार पार गर्न सफल भयो भने तलदेखि माथिसम्मका द्वारपालहरूको के काम छ त ? साँठगाँठको आरोप लगाउन मिल्छ कि मिल्दैन ? वरिष्ठ, योग्य, सक्षम र वास्तविक हकदारलाई पछाडि पार्ने कार्यमा सघाउ पुऱ्याउने कारक तत्त्वहरू कारबाईको दायरामा किन पर्दैनन् ? कारण के हो ? यावत् प्रश्नहरूको घेरामा तहगत सबै द्वारपालहरू पर्ने नै भए ।

**भक्तिभङ्गिमा**

कौसीमा अन्नपात हेर्नेबित्तिकै सो वरिपरि कागले काँव–काँव गरेझैं पद र शक्तिको वरिपरि हालीमुहाली गर्ने स्वार्थी पात्रहरूको कमी छैन । त्यस्तो प्रवृत्तिले हरपल पदासीन पात्रको प्रशंसा गर्दछ । उसले आफ्नो पेशाभन्दा बढी हाकिमको हालीमुहालीमा भविष्य देख्छ । त्यस कारण उसले हाकिमको अनैतिकतालाई नैतिकताको चश्माले हेर्छ । भ्याएसम्म हाकिमलाई नैतिकवान् साबित गर्न तल्लीन रहन्छ । हाकिम सम्मुख अरू दङ्ग पर्ने गरी चाप्लुसबाजहरूको भक्तिभङ्गिमा हेर्नलायक हुन्छ । यसरी आफूप्रति हाकिमलाई ध्यानाकृष्ट गर्ने, हाकिमको प्रशंसालाई व्यक्तिगत सफलताको संवाहक ठान्ने अनैतिक आचरण छताछुल्ल छ ।

मातहतका कर्मचारीको मुखबाट प्रशंसा सुन्न पाएपछि हाकिमको मुहारमा मुस्कान प्रकट नहुने कुरै हुँदैन । यसरी हाकिम र चाप्लुसबाजबीच सम्बन्ध कसिलो हुँदै जान्छ । दलालहरू प्राय:जसो हाकिमको दलाली कार्यमा संलग्न रहन्छन् । यसरी अनैतिक भए तापनि साँठगाँठ गरी मापदण्ड पूरा गर्ने उम्मेदवारको फाइल गायब गर्ने, कागजपत्रमा केरमेट गर्ने र माथिल्लो निकायलाई प्रभावमा पारी योजनाबद्ध तरीकाले वास्तविक हकदारलाई विफल पारिएका बताउने शिक्षकहरू पनि छन् । यसरी पदासीन र स्वार्थी पात्रको घनिष्टताले वास्तविक हकदार शिकार हुन जान्छन् ।

नियामकको अन्तर्मन दुर्गन्धित भएपछि अनियमितताारूपी फोहोरको डङ्गुर सफा गर्न सम्भव हुँदैन । मानसिक स्वास्थ्यमा विचलनरूपी खिया लागेमा स्तरवृद्धिको लागि हुने छनोट प्रक्रिया त्रुटिपूर्ण मात्र हुँदैन, अपितु वास्तविक हकदार विमुख हुने खराब नजीर स्थापित हुन्छ । कार्यसम्पादन मूल्याङ्कनको फाइल बुझ्ने तर विभिन्न बहानामा दर्ता सङ्ख्या उपलब्ध नगराउने, कागजमा केरमेट गर्ने र स्तरवृद्धि पाउनुपर्ने शिक्षकलाई पाखा लगाउने र हालीमुहालीकर्ता शिक्षकलाई काखी च्याप्ने प्रवृत्ति कुनै पनि दृष्टिकोणले गैरकानूनी र अमानवीय हर्कत हो । शिक्षा क्षेत्रको अधोगतिमा शिक्षकहरूको स्तरवृद्धिमा हुने किंकर्तव्यविमूढता पनि एक हो । यसले निष्ठावान् र हकदार शिक्षकलाई मनोवैज्ञानिक असर पार्छ ।

सञ्जय भन्छन्- महाराज, नारायाणास्त्र प्रकट हुने बित्तिकै मेघसहित वायु बडो जोडले चल्न थाल्यो। बादलविना नै मेघगर्जन हुन थाल्यो, पृथ्वी काम्न थाल्यो, समुद्रमा ठूलो बेहोरी उठ्यो र ठूलठूला नदीहरू विपरीत दिशामा बग्न थाले । पर्वतका शिखरहरू टुटेर खस्न थाले। त्यस घोर अस्त्रलाई हेरेर देउता, दानव तथा गन्धर्वहरूमाथि भारी आतङ्क व्याप्त भयो ।

धृतराष्ट्रले सोधे- सञ्जय, त्यति बेला पाण्डवहरूले धृष्टद्युम्नको रक्षा गर्नको लागि कस्ता उपायहरू गरे ?

सञ्जयले भने- कौरवहरूको तुमुल नाद सुनेर युधिष्ठिरले अर्जुनसित सोधे- पार्थ, धृष्टद्युम्नद्वारा आचार्य द्रोण मारिएपछि कौरवहरूको मुख निन्याउरो हुन पुग्यो, उनीहरूले विजयको आशा त्यागेर आआफ्नो ज्यान जोगाउनको लागि यत्रतत्र भाग्न थाले । केहीबेरपछि पुन: उनको सेना फर्की आउँदैछ, कसले उनीहरूलाई फर्काएको हो ? यसबारे तिमीलाई केही थाहा छ भने बताऊ । यस्तो लाग्दछ कि द्रोण मारिएपछि कौरवहरूको पक्ष लिएर साक्षात् इन्द्र युद्ध गर्नलाई आउँदैछन्। उनको भैरवनाद सुनेर हाम्रा महारथीहरू अत्यन्त आत्तिएका छन्, सबैका रौंहरू ठाडाठाडा भएका छन् । यो कुन महारथी हो, जसले कौरव सेनालाई युद्ध गर्नको निम्ति फर्काएर ल्याउँदैछ ?

अर्जुनले भने- जुन वीरले जन्म लिने बित्तिकै उच्चैःश्रवाझैं हास्न थालेको थियो, जसलाई सुनेर सम्पूर्ण पृथ्वी काम्न थालेको थियो । यो आवाज सुनेर कुनै अदृश्य प्राणीले जसको नाम 'अश्वत्थामा' राखिदिएको थियो, यो उही शूरवीर अश्वत्थामा हो, उसैले सिंहनाद गरिरहेको छ । धृष्टद्युम्नले त्यति बेला अनाथको


# द्रोण पर्व-११९

समान जसको कपाल समातेर मारिदिएको थियो, यो उनकै कर्मको बदला लिनको



महाभारतबाट सङ्कलन तथा अनुवाद
**उमाशङ्कर द्विवेदी**

लागि आउँदैछ। तपाईंले पनि झूटो बोलेर गुरुलाई धोका दिनुभएको थियो। धर्मलाई जान्दाजान्दै पनि यो महान् पाप कर्म गर्नुभयो । अतः अन्यायपूर्व बालीको वध



गर्नाको कारण श्री रामचन्द्रजीले जस्तो अपयश पाए, त्यसै प्रकार तपाई यस विषयमा झूटो बोलेर गुरुलाई मार्न लगाउने स्थायी कलङ्क तीनै लोकमा फिजिनेछ । आचार्यलाई लागेको थियो कि 'पाण्डुनन्दन सबै धर्मका ज्ञाता हुन्, मेरा शिष्य हुन्, उनीहरूले कहिले पनि झूटो बोल्दैनन्।' यसै कारणले तपाईंमाथि उनले विश्वास गरे तर तपाईंले सत्यको ओट लिएर सरासर झूटो बोल्नुभयो । 'हात्ती मारियो' भनेर तपाईंले अश्वत्थामा मारिए भनेर भनिदिनुभयो, अनि उनी हतियार त्यागेर अचेत हुन पुगे, त्यति बेला उनलाई जस्तो विकलता भएको थियो, त्यो त तपाईंले पनि हेर्नुभएको थियो । पुत्रको स्नेहमा शोकमग्न जो रणबाट विमुख भइसकेका थिए, यस्तो गुरुलाई तपाईंले सनातन धर्मको अपहेलना गर्दै शत्रुबाट मार्न लगाउनुभएको थियो। अश्वत्थामा पिताको मृत्युको कारण कुपित छन्, धृष्टद्युम्नलाई आज उनी कालको ग्रास बनाउन चाहन्छन्। निशस्त्र गुरुलाई अधर्मपूर्वक मार्न लगाएर अब तपाईंले आफ्ना सैनिकहरूको साथ अश्वत्थामाको सामना गर्न जानुहोस्, शक्ति भए धृष्टद्युम्नको रक्षा गर्नुहोस् । मलाई लाग्छ, हामी जम्मै मिलेर पनि धृष्टद्युम्नको रक्षा गर्न सक्दैनौं । मैले बारम्बार मना गर्दागर्दै पनि शिष्य भएर पनि यिनको हत्या गर्न लगाइदिनुभयो । यसको यो अर्थ हो कि अब हाम्रो आयुको अधिक अंश बितिसक्यो, अलिक मात्र शेष बाँकी छ, हामीले यो महान् पाप गर्न पुग्यौं । जसले हामीमाथि सधैं पिताको समान स्नेह राख्नुहुन्थ्यो, धर्मदृष्टिले जो हाम्रो पिता नै थिए, ती गुरुदेवलाई हामीले क्षणभङ्गुर राज्यको निम्ति मार्न लगायौं। धृतराष्ट्रले भीष्म र आचार्य द्रोणलाई पुत्रको साथै सम्पूर्ण राज्य सुम्पिदिनुभएको थियो । उनीहरू सदैव उनको सेवामा तत्पर रहन्थे, निरन्तर सत्कार गर्नुहुन्थ्यो। तैपनि मलाई गुरुले आफ्नो पुत्रभन्दा पनि बढी माया गर्नुहुन्थ्यो। ओहो, मैले राज्य सुखको लोभमा परेर गुरुको हत्या गराएँ। मेरो गुरुदेवलाई यो विश्वास थियो, अर्जुनले मेरोलागि पिता, भाइ, स्त्री, पुत्र र प्राणलाई पनि त्याग गर्न सक्छ, तर म राज्यको कत्रो लोभी छु। उनी मारिँदै थिए र म टुलुटुलु हेरिरहें। क्रमशः ...

# आनन्दको खोजी : मनको अन्तर्यात्रा

- **हरिकृष्ण बराल**
(राधामाधव स्वामी)
मुर्ली बगैंचा, वीरगंज

मनोवैज्ञानिक विश्लेषण गर्ने हो भने मानिसहरूले यहाँ तृप्त हुन नसकेका इच्छा, चाहना वा कामनाहरूको पूर्णरूपमा तृप्ति हुने ठाउँको रूपमा स्वर्गको कल्पना गरेको देखिन्छ। यो पृथ्वीमा पूरा हुन नसकेको यौनभोक अहोरात्र त्यहाँ सेवामा रहने अप्सराहरूबाट पूरा हुनेछ र यहाँ मेटन नसकेको जिब्रोको तृष्णा त्यहाँको भोजनबाट पूर्ण हुनेछ भन्ने मान्यता राखेको देखिन्छ । स्वर्ग असफल मानिसहरूको सपनाको शहर हो। त्यहीं मनको सिक्काको अर्को पाटो नरकको रूपमा प्रक्षेपित गरिएको पाइन्छ । यी दुवै अशान्त र असफल मनका उपज हुन्।

अनुरागी (रागी) मानिस भौतिक सामग्रीको पछिपछि दौडिन्छ । विरागी मानिस भौतिक सामग्रीबाट पर भाग्छ। रागी मनले जुन ग्रहण गर्दछ, विरागी मनले त्यसलाई त्याग गर्दछ तर वीतरागी मन आग्रह र त्याग दुवैको आकर्षणबाट मुक्त हुन्छ। रागी धनको पछाडि दौडन्छ भने विरागी धनदेखि पर भाग्छ तर वीतरागीलाई धन सार्थक पनि लाग्दैन, निरर्थक पनि लाग्दैन। ऊ राग र वैराग्य दुवैबाट मुक्त हुन्छ। रागी र वैरागी दुवै थरीको मनमा त्यही एउटै चीजसँग मिल्दोजुल्दो चलचित्र चलिरहेको हुन्छ। जसरी समुद्रको पानी जहाँबाट झिकेर खाँदा पनि नुनिलो नै हुन्छ, त्यसैगरी वितरागीको चित्त (मन) जहाँ रहे पनि उस्तै हुन्छ । मन्दिरमा बस्दा होस् वा बजारको भीडभाडमा बस्दा होस् वीतरागीको मन सधैं तटस्थ नै हुन्छ । बाहिरी वातावरण र परिस्थिति जस्तोसुकै भएपनि ऊ कुनै चिज गुमाउने डरले कम्पित हुँदैन र केही चीज प्राप्त गर्ने लोभ वा कामना पनि हुँदैन। रागको अर्थ हो आफन्त वा प्रियजन घरमा आउँदा खुशी लाग्छ तर कुनै अप्रियजन घर आयो भने दुःख लाग्छ । मित्र घरबाट जान्छ भने दुःख लाग्छ। शत्रुका प्रति सबै वैरागी हुन्छन् भने मित्रका प्रति सबै रागी हुन्छन्। वीतरागीको अर्थ जसको न कोही मित्र छ, न कोही शत्रु छ, मन कुनै वस्तुमा बाँधिएको छैन । गीताको श्लोकमा अनुराग र वैरागभन्दा परको मनको परम अवस्थालाई वीतराग भनिएको छ । रागबाट माथि उठेका, क्रोधबाट मुक्त भएका, मोहको पासबाट स्वतन्त्र भएका, तपबाट पवित्र भएकाहरू भगवान्कै स्वरूपमा परिणत हुन्छन् ।

मानिसको मनले जबसम्म विश्राम लिंदैन, तबसम्म मनले यिनै भौतिक सामग्री र भौतिक विषयहरूबाट हामीहरू सुख प्राप्त हुनेछ भनेर सोचिरहन्छ । चञ्चल मनको यो स्वाभाविक भ्रान्त दशा हो । मनको दौडिने नियम छ । जहाँ मनलाई सुख हुन्छ जस्तो लाग्छ, मन त्यतैतिर दौडन्छ। जता दुःख हुन्छ जस्तो लाग्छ, त्यतातिर मन दौडिन मान्दैन । जसरी पानी गहिरोतिर बग्छ, त्यसैगरी मन सुखतिर दौडिन्छ । मनले दुःखको पहाड चढ्न मान्दैन तर सुखको तलाउतिर दौडिंदै जान्छ। चाहे त्यो तलाउ दुःखैदुःखले भरिएको होस्, त्यसको परवाह गर्दैन । उसलाई त्यतैतिर सुख छ भन्ने लाग्छ। हाम्रो जीवनमा जब एउटा सुखको छाया पर्दछ, तब हामी केही क्षण आफ्नो मनलाई उत्तेजित पाछौं । त्यो उत्तेजना बिस्तारै शान्त भएपछि त्यो सुखको भ्रान्ति मनबाट हटेर जान्छ । त्यही मनको उत्तेजनालाई हामी सुख भनेर भ्रमित हुन्छौं । कुनै पनि चीजले मनलाई धेरैबेरसम्म समाएर राख्न सक्दैन। प्राप्त सुख क्षणिक हुन्छ । त्यो सुखबाट मन चाँडै भरिन्छ र अर्को त्योभन्दा ठूलो सुख खोज्नतिर मन दौडन्छ । यसरी मनको दौड जारी हुन्छ। हजारौंपटकमा पनि हामीले खोजेको दिव्य सुख हाम्रो मनले प्राप्त गर्न सक्दैन । तैपनि हाम्रो आँखा उघ्रिदैन। हामीलाई मनले लगातार दौडाइरहन्छ। यही दौडाइ रहने तत्त्वको नाम नै मन हो, दौडिएको चेतना नै मन हो भने पूर्ण विश्रान्तिको चेतना नै आत्मा हो । यदि कुनै दिन हाम्रो घैंटोमा घाम लागेर हाम्रा आँखा खुले भने हामीलाई लाग्न थाल्छ कि सुख कहीं पनि पाइँदैन। त्यति नै खेर हाम्रो चेतना (मन) विश्राममा आउन थाल्छ। हामी हाम्रो जीवनमा जेहोस् भन्ने चाहन्छौं, त्यो सबै सुखको आशाले अभिप्रेरित हुन्छ तर त्यो सुखको नजीक पुग्ने बित्तिकै त्यही सुख केही दिनमै दुःखमा परिणत हुन्छ र हाम्रो चेतनामा अर्को अगाडिको सुख खोज्न दौडिन्छ।


हामीहरूले जीवनलाई अहिले अनौठो खोजमा लगाइराखेका छौं। मनले दुःखको खेती गरिरहेको छ। सुख फल्ने आशामा मनले खेती लगाउँछ र आखिरमा त्यसमा दुःख फल्छ र हामी त्यसैलाई भित्र्याउँछौं र अबचाहिं सुख फलाउने खेती गर्छु भनेर फेरि खेती लगाउँछौं, त्यसमा पनि फेरि दुःख नै फल्छ। यही क्रम हामीहरूले दोहोऱ्याइ रहन्छौं। मनको धड्कनमा हामी स्वयम् भागीदार छौं । हाम्रो दुःखको कारण हामी आफैं हौं भन्ने बोध जुन दिन आउँछ र जब हामी चित्तलाई दौडाउन बन्द गर्छौं, त्यति बेला नै चित्त (मन) को गति रोकिन्छ। एउटा सुखले दुःख ल्यायो भने अर्को सुखले पनि दुःख नै ल्याउँछ भनेर हामी कहिल्यै सोच्दैनौं। हामीलाई लाग्छ अर्को सुखले चाहिं हामीलाई अवश्य दुःख दिंदैन, सुख नै दिन्छ। यसरी सुखको अनन्त प्रयासमा अनन्त-अनन्त दुःखको शृङ्खला बनिसकेको छ । मन आश्वासन दिंदै जान्छ, हामी त्यसलाई मान्दै जान्छौं तर यथार्थमा मनले दिएको आश्वासन आकाशको फल जस्तै हुन गएको छ।

मानिस भूलमाथि भूल गरिरहन्छ । अगाडिका जन्महरूको त कुरै छाडौं, यही जन्मको पनि लाखौंचोटि हामीलाई यही अनुभव छ । उसले भूलबाट भूल गर्ने कुशलताबाहेक अरू केही सिक्दैन। जबसम्म हामीहरू मनको यो आत्मघातक बठ्याइँबाट वास्तवमैं सचेत हुँदैनौं, तबसम्म मनमा विश्रान्ति ल्याउने कुनै पनि प्रयास सफल हुँदैन। कृष्ण भगवान्ले गीतामा भन्नुभएको छ- जबसम्म मन (चित्त)ले योग र ध्यानबाट विश्रान्ति प्राप्त गर्दैन, तबसम्म जीवनको दुःखको अन्त्य हुँदैन । जीवन दुःख हो भन्ने अनुभव हामीले जीवनभरि नै अनेकपटक गरिसकेका हुन्छौं तर हाम्रो अनुभवलाई हाम्रो मनको आशाले जितिदिन्छ। मनले निरन्तर भनिरहन्छ- अहिले न दुःख भयो तर यसपछि हामीले चाहेको जस्तो भयो भने हामी अवश्य सुखी हुन्छौं । हामीले चाहेको जस्तो परिपूर्ण स्थिति कहिल्यै बन्न सक्दैन तर हाम्रो मनले पूर्णविराम लिंदैन, मनको आशा कहिल्यै थाक्दैन । उसले फेरि भविष्यको सुखको कल्पनामा हामीलाई डोऱ्याउन थाल्छ । हाम्रो जीवनको अनुभवमाथि सधैं आशाको विजय हुन्छ।


क्रमशः

# इन्टरनल क्याप्सुल

सन् १८३३ मा जोसेफ जेरार्डले खाने चक्कीको साटोमा अधिक प्रभावीरूपमा काम गर्ने क्याप्सुल बनाए । क्याप्सुलमा दुईवटा खोल हुन्छ। तलको सानो खोलमा औषधि र माथिको खोलले ढक्कनको काम गर्छ, जुन पेटभित्र गएपछि फुट्छ र औषधि बाहिर आएर चक्कीभन्दा अधिक शक्तिले काम गर्छ । त्यसपछि क्याप्सुल भन्ने शब्दले यति बढी मान्यता पायो कि सबै क्षेत्रमा यसको प्रयोग हुन थाल्यो । यहाँसम्म कि रकेट लन्चरमा पनि क्याप्सुल हुन्छ र त्यसबाट रकेट बाहिर निस्केर अन्तरिक्षमा जान्छ । अहिले चीनले क्याप्सुलमा भरेर नै चन्द्रमाको माटो ल्याएको छ, जसमा पानी पाइएको छ । यसै आधारमा शरीरका कतिपय भागको पनि नामकरण हुन थाले। क्याप्सुल जस्तै आकार भएको ब्रेनको एक भागलाई इन्टरनल क्याप्सुल भनियो । अब अर्को प्रश्न उठ्छ कि इन्टरनल क्याप्सुल नै किन नाम राखियो। यो यस कारणले कि ब्रेनमा एउटा एक्सटरनल र एउटा एक्सिट्रिम क्याप्सुल भन्ने भाग पनि हुन्छ । भित्री भागमा भएको हुनाले यसको नाम इन्टरनल क्याप्सुल भयो। गत लेखमा थैलेमसको वर्णनमा हामीले के थाहा पाएका थियौं कि थैलेमस ग्रे मैटरको भाग हो अथवा त्यसमा न्युक्लियसहरूको झुन्ड हुन्छ । तर इन्टरनल क्याप्सुल त्यसको विपरीत केवल नर्भ फाइबरहरूको झुन्ड हो अर्थात् ह्वाइट मैटरको भाग हो । थैलेमस सिरेब्रल हेमिस्फेयरको पछाडि भागमा तर इन्टरनल क्याप्सुल सिरेब्रल हेमिस्फेयरको तलको बीच भागमा अवस्थित हुन्छ। थैलेमस अन्डाकार हुन्छ तर यसको आकार अङ्ग्रेजीको 'भी' अक्षरजस्तो हुन्छ। यसको काम ब्रेनको सम्पर्क ब्रेनस्टेम र स्पाइनल कर्डसँग आफ्ना नर्भ फाइबरहरूद्वारा स्थापित गर्नु हो । सिरेब्रल हेमिस्फेयरको जति पनि नर्भ फाइबरहरू तल ह्वाईट मैटरमा




झर्छन्, त्यसलाई कोरोना रेडियाटा भनिन्छ। यही कोरोना रेडियाटा ब्रेनस्टेम र स्पाइनल कर्डमा जानुभन्दा पहिले एकत्रित भएर जुन संरचना वा बन्डल बनाउँछ, त्यसलाई इन्टरनल क्याप्सुल भनिन्छ। ब्रेनस्टेम र स्पाइनल कर्डबाट आउने नर्भ फाइबरहरू पनि यहीं भएर सिरेब्रल हेमिस्फेयरमा जान्छन् । थैलेमसबाट आउने नर्भ फाइबरहरू पनि यसै भएर माथि जान्छन् । यहाँ याद राख्नुपर्ने कुरा के हो भने थैलेमस ग्रे मैटर हो तर इन्टरनल क्याप्सुल ह्वाइट मैटर हो। इन्टरनल क्याप्सुल थैलेमस र कौडेट भन्ने न्युक्लियसको बीच भागमा अवस्थित हुन्छ, जसको सिरेब्रल साइडमा




लेन्टिकुलर न्युक्लियस भन्ने संरचना हुन्छ।

इन्टरनल क्याप्सुलका दुईटा खुट्टा पनि हुन्छ, जसलाई क्रमशः एन्टेरियर लिम्ब र पोस्टेरियर लिम्ब भनिन्छ। जहाँ खुट्टा छन्, त्यहाँ घुँडा पनि त हुनैपर्छ र नभन्दै यहाँ घुँडा पनि छ, जसलाई डिनोट गर्ने शब्दलाई जेनु भनिन्छ। वास्तवमा भन्ने हो भने इन्टरनल क्याप्सुलको आकार एक जिभना जस्तो हुन्छ जसको लामो एक भागलाई एन्टेरियर लिम्ब र अर्को लामो भुजालाई पोस्टेरियर लिम्ब तथा बीचको मोडिएको भागलाई जेनु भनिन्छ। पोस्टेरियर लिम्बको अन्तमा एउटा पुच्छर पनि हुन्छ, जसलाई इन्टरनल क्याप्सुलको कौडल पुच्छर भाग भनिन्छ। मतलब इन्टरनल क्याप्सुलका एन्टेरियर लिम्ब, पोस्टेरियर लिम्ब, जेनु र कौडल चार भाग भए। अब आउनुस् यी सबै भागका अलग-अलग सङ्क्षेपमा वर्णन गरौं ।

**इन्टेरियर लिम्ब** : यो लेन्टिकुलर र कौडेट न्युक्लियस भन्ने संरचनाको बीचमा अवस्थित हुन्छ । यसमा नर्भ फाइबरहरू तीन समूहमा तर साना मोटर न्युरोन हुन्छन्, जसको नाम क्रमशः इन्टेरियर थैलेमिक रेडिएसन, फ्रोन्टोपोन्टाइन ट्रैक्ट र आर्बिटलकार्टेक्सबाट हाइपोथैलेमसमा जाने नर्भ फाइबरहरू हुन्। मोटर फाइबर यस कारण कि यसले मांसपेशीको नियमन गर्छ।

**पोस्टेरियर लिम्बः** यसका नर्भ फाइबरहरू लामालामा र थैलेमस तथा कौडेट न्युक्लियसको बीचमा अवस्थित हुन्छ। यसका पनि तीन समूह छन् यथाः कोर्टिकोस्पाइनल ट्रैक्ट, सुपेरियर थैलेमिक रेडिएसन, फ्रोन्टल कोर्टिकोपोन्टाइन ट्रैक्ट।

फ्रोन्टोपोन्टाइनको मतलब कार्टेक्सबाट पोन्समा जाने नर्भ फाइबरलाई भनिन्छ अर्थात् नामको पहिलोबाट अर्को संरचनामा जाने नर्भ फाइबर हो। यसरी नै अरूलाई पनि बुझ्नुस् ।

**जेनु** : यो एन्टेरियर र पोस्टेरियर लिम्बको बीचमा हुन्छ तथा घुँडाजस्तो मोडिएको हुन्छ । यसमा कोर्टिकोबल्बर भन्ने नाम गरेको ट्रैक्ट हुन्छ ।

**कौडल भाग** : यसमा पोस्टेरियर थैलमिक रेडिएसन हुन्छ ।

इन्टरनल क्याप्सुलमा हुने रोग वा लिजनको प्रभाव थैलेमसमा पोस्टेरियर धमनीमा रक्तप्रवाह बन्द हुने जिकिर आएको थियो । यसमा मिडल सिरेब्रल धमनीको जिकिर आउँछ किनभने इन्टरनल क्याप्सुलमा रक्तप्रवाह गर्ने यसै धमनीका शाखाहरू हुन्छन् । जब यसमा थ्रोम्बोसिस अर्थात् रक्तको थक्का जमेर रक्तप्रवाहमा रोकावट पैदा हुन्छ, तब इन्टरनल क्याप्सुलको जुन भागमा असर परेको छ, त्यसै अनुसार भिन्नभिन्न लक्षणहरू देखा पर्छन् यथा :

**इन्टेरियर लिम्ब प्रभावित भएमा :** यसमा थैलमोकोर्टिकल र कार्टिकोपोन्टाइन फाइबरहरू हुन्छन् । अतः यहाँको प्रभाव विस्तृत हुन्छ । यसमा मोटर र सेन्सरी दुवै संवेदना पूरै समाप्त हुन्छन् ।

**पोस्टेरियर लिम्ब प्रभावित भएमाः** यहाँ थैलेमोकर्टिकल सेन्सरी फाइबरहरू भएका हुनाले अर्को साइडको पूरै सेन्सरी संवेदना खत्म हुन्छ अथवा कपाल, घाँटी र हातखुट्टाका आधा भाग सुन्न हुन्छ । जब कोर्टिकोस्पाइनल ट्रैक्ट खत्तम हुन्छ, तब अपाङ्ग पनि हुन सक्छ ।

**जेनु प्रभावित भएमाः** अर्को साइडको मांसपेशीय कार्यमा बदलाव देखिन्छ किनभने यसमा कोर्टिकोबल्बर फाइबरहरू नष्ट हुन्छन्।

**कौडल भाग प्रभावित भएमाः** यसमा अर्को साइडको हेमिएनेस्थिसिया अर्थात् आधा अङ्ग सुन्न हुन्छ । यसमा हेमिएनोपिया र बहिरोपन पनि हुन्छ किनभने यहाँ आँखा र कानमा जाने फाइबरहरू नष्ट हुन्छन्। हेमिएनोपियाको मतलब आधा भिजन नष्ट हुनु हो । सद्दे आँखाले नगवा पोखरीलाई पूरा हेर्न सकिन्छ तर हेमिएनोपिया भएको रोगीले पोखरीको आधा भाग मात्र हेर्न सक्छ र रोगीलाई यसको पत्तो पनि हुँदैन । चिकित्सकले जब सावधानीपूर्वक जाँच गर्छ, तबमात्र त्यो पकडमा आउँछ। अस्तु।

वाटिका



**डा शिवशङ्कर यादव**
shivshankaryadav3398@gmail.com

**हेमिएनोपियाको मतलब आधा भिजन नष्ट हुनु हो । सद्दे आँखाले नगवा पोखरीलाई पूरा हेर्न सकिन्छ तर हेमिएनोपिया भएको रोगीले पोखरीको आधा भाग मात्र हेर्न सक्छ र रोगीलाई यसको पत्तो पनि हुँदैन । चिकित्सकले जब सावधानीपूर्वक जाँच गर्छ, तबमात्र त्यो पकडमा आउँछ ।**

## अन्तर्राष्ट्रिय समाचार

# पूर्वराष्ट्रपति ट्रम्पविरुद्ध फौजदारी अभियोग

न्युयोर्क, १७ चैत/एपी

अमेरिकी पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पविरुद्ध फौजदारी अभियोग लागेको छ। वर्षौंको अनुसन्धानपछि म्यानहाटनको ग्रान्ड जुरीले उनलाई फौजदारी अभियोग लगाएको हो।



अमेरिकी पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्प।

फौजदारी अभियोगबारे ग्रान्ड जुरीले स्पष्ट नगरे पनि विवाहेत्तर यौन सम्बन्धलगायत दुई दर्जन मुद्दा पूर्वराष्ट्रपतिलाई लाग्ने सञ्चारमाध्यमहरूले जनाएका छन्। जुरीको उक्त निर्णयसँगै उनको राजनीतिक एवं व्यापारिक कारोबार प्रभावित हुनाका साथै पुनः राष्ट्रपतिमा लड्ने उनको योजना चकनाचुर भएको छ।

सन् २०१६ को राष्ट्रपतीय निर्वाचनअघि ट्रम्पले अश्लील चलचित्रकी नायिका स्टर्मी डेनियलसँग कायम गरेको यौन सम्बन्ध र त्यसलाई गोप्य राख्न उनलाई भुक्तान गरिएको एक लाख ३० हजार अमेरिकी डलरलाई मुख्य मुद्दा बनाइएको जनाइएको छ। ट्रम्पविरुद्धका मुद्दाको विस्तृत विवरण सार्वजनिक गरिएको छैन। डेनियलले पनि आफूलाई ट्रम्पले मौन रहन रकम दिएको दाबी गरेकी छन्।

पूर्वराष्ट्रपति ट्रम्पले आफूमाथि लगाइएको उक्त आरोपको खण्डन गरेका छन्। उनले आफूमाथि लगाइएको आरोपलाई राजनीतिक स्वार्थबाट प्रेरित भनेका छन्। उनका छोरा एरिकले आसन्न राष्ट्रपतिको चुनावलाई लक्ष्य गरेर विपक्षीले उक्त आरोप लगाएको बताएका छन्।

म्यानहाटनस्थित सरकारी वकीलको कार्यालयले पूर्वराष्ट्रपतिको आत्मसमर्पणको सहजीकरणका निम्ति उनका वकीलसँग सम्पर्क गरिएको बताएको छ। हाल फ्लोरिडामा रहेका उनी आगामी मङ्गलवार न्युयोर्कको अदालतमा उपस्थित हुने अपेक्षा गरिएको छ। अदालतमा उनले आफू निर्दोष रहेको दलील प्रस्तुत गर्दै अपील गर्ने सम्भावना छ। उनलाई अदालतले धरौटीमा रिहा गर्ने सम्भावना पनि रहेको छ। शुक्रवार नै उनलाई आत्मसमर्पण गर्न भनिएको थियो तर उनका वकीलहरूले केही समय माग गरेका थिए।

फौजदारी अभियोग लागेको यो पहिलो घटना हो। रासस

# मन्दिर दुर्घटना: ३६ जनाको मृत्यु

इन्दोर (मध्यप्रदेश), १७ चैत/एएनआई

रामनवमी पर्व मनाउन पटेलनगरस्थित शिवमन्दिरमा भेला भएका भक्तजन त्यहाँ रहेको इनारमा खस्दा ज्यान गुमाउनेको सङ्ख्या ३६ पुगेको छ। इनारमा खसेर बेपत्ता भएकाहरूको खोजी जारी छ। राज्य सरकारले मन्दिर प्रशासनविरुद्ध मुद्दा दायर गरेको छ।

सिमेन्टको स्ल्याबले ढाकिएको इनारमाथि पूजाअर्चनाका निम्ति बिहीवार भक्तजन भेला भएका थिए। भीडको भार थाम्न नसक्दा स्ल्याब भत्कँदा उनीहरू इनारमा खसेका थिए। इन्दोरका प्रहरी आयुक्त मकरन्द देवस्करले मन्दिर प्रशासनका अध्यक्ष र सचिवविरुद्ध अनजानमा हत्या गरिएको भन्दै मुद्दा दर्ता गरिएको बताएका छन्।

आयुक्त देवस्करका अनुसार १४ जनाको उद्धार गरिएको छ। दुईजना उपचारपछि घर फर्केका छन्। एकजना अझै हराइरहेका छन्। ७५ जना भारतीय सेनाका अधिकारीको १८ घण्टा लामो प्रयासमा उनीहरूलाई उद्धार गरिएको थियो। रासस

## जासुसीको आरोपमा संवाददाता पक्राउ

वाशिङ्टन, १७ चैत/एपी

रूसको सुरक्षा सेवाले जासुसी गरेको आरोपमा वाल स्ट्रीट जर्नलका संवाददातालाई पक्राउ गरेको छ। शीतयुद्धपछि पहिलोपटक अमेरिकी पत्रकार रूसमा पक्राउ परेका हुन्। पत्रिकाले रूसी आरोप अस्वीकार गर्दै उनको तत्काल रिहाइको माग गरेको छ।

३१ वर्षीय इभान गर्शकोविचलाई बुधवार पक्राउ गरिएको हो। रूसको सङ्घीय सुरक्षा सेवाले उनलाई गोप्य सूचना प्राप्त गर्न खोजेको आरोपमा रूसको गुप्तचर सेवा एफएसबीले पत्रकार गर्शकोविचलाई पक्राउ गरेको हो। रासस

## हिन्दू चिकित्सकको हत्या

इस्लामाबाद, १७ कात्तिक/एएनआई

एकजना हिन्दू धर्मावलम्बी चिकित्सकको कराँचीमा गोली हानेर हत्या भएको छ। आफ्नो क्लिनिकबाट घर फर्कंदै गरेका डा वीरबल गेनानीको बिहीवार गोली हानेर हत्या भएको हो।

कराँची महानगरपालिकाका पूर्वस्वास्थ्य निर्देशक तथा आँखा विशेषज्ञ डा गेनानीलाई अज्ञात समूहले गोली हानेको र उनको घटनास्थलमा नै मृत्यु भएको प्रहरीले जनाएको छ।

डा गेनानीसँगै रहेकी एकजना सहयोगी चिकित्सकलाई पनि गोली लागेको छ। उनलाई तत्काल अस्पताल पुऱ्याइएको थियो। हाल उनी जोखिममुक्त भएकी छन्। आक्रमणकारीका सम्बन्धमा ती महिला चिकित्सकसँग प्रहरीले सोधपूछ गरेको छ। आक्रमणकारीका सम्बन्धमा ती महिला चिकित्सकसँग प्रहरीले सोधपूछ गरेको छ।

यसैबीच, सिन्धका गभर्नर कमरान खान टेसोरीले कराँचीका प्रहरी अतिरिक्त महानिरीक्षकसँग घटनाको प्रतिवेदन माग गर्दै आँखा विशेषज्ञको हत्याप्रति गहिरो दुःख व्यक्त गरेका छन्। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – उदरपीडा | वृष – राज्यलाभ |
| मिथुन – धनलाभ | कर्कट – सुयश |
| सिंह – अलमल | कन्या – धनलाभ |
| तुला – सफलता | वृश्चिक – प्रगति |
| धनु – रोगभय | मकर – व्यापारवृद्धि |
| कुम्भ – शत्रुपराजय | मीन – सुसमाचार |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## रानीघाट-पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

## आगलागी हुनबाट सावधानी अपनाऔं।

- हिउँद तथा सुक्खा याममा आगलागीका घटनाहरू धेरै हुने हुँदा आगोको प्रयोगमा होशियारी अपनाऔं।
- आगो तथा ग्याँस बालुञ्जेल भान्सा छाडेर टाढा नजाऔं र गोठमा घुर बाल्दा सावधानी अपनाऔं।
- सलाई, लाइटर तथा डिजल, पेट्रोलजस्ता प्रज्वलनशील सामग्री केटाकेटीले भेट्ने गरी नराखौं।
- हावाहुरी चलेको अवस्थामा फुसको घर तथा खुला स्थानमा आगो नबालौं, बारी, बाटोमा बालिएको आगो पूर्णरूपमा निभेको निक्यौंल गरौं।
- जथाभावी चुरोट, बिडीका ठुटा ननिभाई नफ्याँकौं।
- विद्युत्‌बाट आगो लागेको शङ्का लागेमा घरमा रहेको मेनस्वीच तत्काल बन्द गरौं।
- आफ्नो घर, टोलमा आगलागीको घटना भएमा तत्काल वीरगंज महानगरपालिकाको वारुणयन्त्रको सम्पर्क नम्बर ०५१-४१८००० मा खबर गरौं।

वीरगंज महानगरपालिका कार्यालय


यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता · क्यालेन्डर, ब्रोसर, पोस्टर · विवाह कार्ड, लेटरप्याड · पुस्तक, डायरी · भिजिटिङ कार्ड · फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com


# सूर्य नेपालको सहयोगमा डुमरवाना कलेजमा ईल्याब सञ्चालन

प्रस, वीरगंज, १७ चैत/



सूर्य नेपाल प्रालि सिमरा, बाराले जीतपुरसिमरा उपमहानगरपालिका–१५ स्थित डुमरवाना कलेजलाई ईल्याब सञ्चालनका लागि रु १५ लाखको कम्प्युटर, फर्निचर सहयोग गरेको छ।

कलेजमा कार्यक्रम आयोजना गरी सूर्य नेपालका कारखाना व्यवस्थापक सुरेशकाजी श्रेष्ठले क्याम्पस प्रमुख राधेश्याम शिवाकोटीलाई ईल्याबका लागि १५ सेट कम्प्युटर र त्यसका लागि फर्निचरहरू हस्तान्तरण गरेका थिए। सो अवसरमा श्रेष्ठले स्थापनाकालदेखि सूर्य नेपालले सामाजिक उत्तरदायित्व निर्वाह गर्दै आएको र भविष्यमा पनि सामाजिक उत्थानका लागि सूर्य नेपालले सहयोग जारी राख्ने बताए।

उनले कलेजका विद्यार्थीहरूको भविष्य उज्ज्वल पार्नका लागि र परिवर्तित शिक्षा प्रणालीमा प्रतिस्पर्धी बनाउनका लागि सूर्य नेपालले ईल्याबको व्यवस्थापन गरेको बताए।

क्याम्पस सञ्चालक समितिका अध्यक्ष अनिल मैनालीले सूर्य नेपालको सहयोगबाट विद्यार्थीहरूको शैक्षिक गतिविधिमा थप सुधार आउने बताए। उनले अहिले प्रविधिको युग भएको र जतिसुकै अध्ययनमा राम्रो भएपनि ई प्रविधिको ज्ञान नहुनेहरू निरक्षर बराबर हुने बताए। क्याम्पस प्रमुख शिवाकोटीले सूर्य नेपालले ईल्याब सञ्चालनका लागि व्यवस्थापकीय जिम्मेवारी लिएर सिमराका विद्यार्थीहरूको भविष्य उज्ज्वल बनाउने कार्य गरेको बताए।

कार्यक्रममा कलेज सञ्चालक समितिका सदस्यहरू रूपलाल चौधरी, पलट चौधरी र वडाध्यक्ष रामप्रसाद लम्साललगायतको सहभागिता थियो।

# रास्वपाद्वारा उम्मेदवारको प्रारम्भिक सूची सार्वजनिक

काठमाडौं, १७ चैत/रासस

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आगामी वैशाख १० गते हुने उपनिर्वाचनमा भाग लिने उम्मेदवारको प्रारम्भिक सूची सार्वजनिक गरेको छ।

रास्वपाले बिहीवार चितवन क्षेत्र नं २, तनहुँ क्षेत्र नं १ र बारा क्षेत्र नं २ मा हुन लागेको उपनिर्वाचनका लागि पार्टीका तर्फबाट भाग लिने उम्मेदवार चयन गर्न पार्टीको विधानको धारा ७१ बमोजिम प्रारम्भिक सूची सार्वजनिक गरेको हो।

रास्वपाले चितवन क्षेत्र नं २ मा रवि लामिछाने, तनहुँ क्षेत्र नं १ मा डा स्वर्णिम वाग्ले, ईश्वर लामिछाने र डा रूपक विक घिमिरे तथा बारा क्षेत्र नं २ मा रमेश खरेल र युवराज न्यौपानेको नाम सार्वजनिक गरेको पार्टीका महामन्त्री एवं प्रवक्ता डा मुकुल ढकालले जानकारी दिए।

सो पार्टीले प्रारम्भिक उम्मेदवारी उपरको दाबी विरोध गर्ने समय आज दिउँसो ११ बजेसम्मका लागि तय गरेको प्रवक्ता डा ढकालले बताए।

# नौ महिला एसइईमा सहभागी

गलेश्वर, १७ चैत/रासस

आजदेखि शुरू भएको माध्यमिक शिक्षा परीक्षा (एसइई)मा म्याग्दीको सदरमुकाम बेनीस्थित उज्यालो वैकल्पिक विद्यालयबाट ५७ वर्षीया राधादेवी पुनसहित नौ महिला सहभागी भएका छन्।

परीक्षामा ५७ वर्षीया राधादेवी पुन, ५० वर्षीया डिलकुमारी पुर्जा, इन्द्रामती फगामी ३७ वर्षीया, सङ्गीता छिनाल ३५ वर्षीया, तुलकमारी मल्ल केसी ५४ वर्षीया, धनकुमारी विक ३९ वर्षीया, रामदेवी पुन ४० वर्षीया, विष्णुकुमारी गुरुङ ४९ वर्षीया र पूजा छन्त्याल २८ वर्षीया सहभागी भएको विद्यालय सञ्चालक समितिका अध्यक्ष राजेश शाक्यले बताए।

बेनी सामुदायिक विद्यालय अन्तर्गत विसं २०७३ मा स्थापना भएको उज्यालो वैकल्पिक विद्यालय मङ्गलघाटस्थित सामाजिक विकास कार्यालय रहेको भवनको भुइँतलाबाट पठनपाठन सञ्चालन गरिंदै आएको छ।

### सार्वजनिक ...

चारवटा पक्की भवन र १७ वटा टहरा डोजर लगाएर भत्काएको महानगरका प्रशासन प्रमुख राजकृष्ण ताम्राकारले बताए।

सो जग्गा केही व्यक्तिले अतिक्रमण गरी संरचना तयार पारेर बन्द व्यवसाय र बसोबास गर्दै आएका थिए। सार्वजनिक जग्गा अतिक्रमण गरिएको सूचनाका आधारमा महानगरको टोली नक्शासहित घटनास्थलमा पुगेर अवैध संरचना भत्काएको थियो। अतिक्रमित क्षेत्र खाली गराउने क्रममा अवरोध गरिएपछि प्रहरीको सहयोगमा अतिक्रमित क्षेत्र खाली गराइएको महानगरपालिका कार्यालयले जनाएको छ। नगरप्रमुख सिंहले सार्वजनिक, ऐलानी जग्गा अतिक्रमणमा परेको सूचना दिन आग्रह गरेका छन। उनले सूचनाका आधारमा महानगरले गत फागुनमा वडा नं १९ मा करीब १६ बिघा र वडा नं २४ श्रीसिया पुलनजीक अढाई कट्ठा जग्गा अतिक्रमणमुक्त गराइसकेको बताए।

उनले माईराम पोखरी (चिल्ड्रेन पार्क)को अतिक्रमित क्षेत्र खाली गराउने काम भइरहेको र अन्य वडाहरूमा पनि सार्वजनिक तथा ऐलानी जग्गा खोजी कार्य अघि बढाएको भन्दै सोबारे सूचना दिन आग्रह गरेका छन्। महानगरले गठन गरेको सार्वजनिक जग्गा अतिक्रमणमुक्त गराउने अभियानका संयोजक वडाध्यक्ष प्रदीप चौरसिया, प्रशासन प्रमुख राजकृष्ण ताम्राकार, नगरप्रहरी प्रमुख हरि भुसाल, नगरप्रमुखको सचिवालय सल्लाहकार हरि पोखरेल, प्रेस सल्लाहकार महेश दासलगायतको सहभागिता थियो।

### भुइँमा सुतेर ...

ओकलिहालें। एकजना साथीले भन्यो– मेरो डेरामा खाना पाकिसकेको होला। घरबाट खाना पकाउने मानिस आएको छ। हिंड, त्यसैमा मिलेर खाना खाने।

सँगै गएर खाना खाएँ। साथीभाइको बीचमा रमाइलो हुन्छ। खाना खाएपछि ऊ मसँगै हिंड्यो मेरा डेरातिर। जब मेरो हालत देख्यो, तब त्यहाँबाट उसले केही सामान उठाएर आफ्नो डेरामा ल्यायो। उसको डेरा फराकिलो थियो। भुइँमैं सुत्नुपर्थ्यो पराल ओछ्याएर। परालमाथि एउटा पातलो दरी वा तन्ना बिछ्याएको थियो। ओढ्नलाई सिरक पनि थियो। आहा, लाग्यो– यो पो स्वर्ग हो त।

मनै फुरुङ्ग हुन गयो। दोस्रो खेपमा थप एक/दुई जना साथी भएर बाँकी रहेको सामान पनि उठाएर ल्यायौं। दिउँसोसम्म पनि जगदेओ काका घर फर्केका थिएनन्।

फराकिलो कोठा थियो। ९/१० जना परीक्षार्थी एउटै कोठामा। केही अभिभावकहरू पनि, खाना पकाउने भान्से पनि। सबै गरेर हरेक रात १५–२० जना जति सुत्थ्यौं। राति पनि आनन्द हुन्थ्यो। जिस्कने, जिस्क्याउने खूब चलिरहन्थ्यो तर साँझमा भने सबै निकै गम्भीर भएर पढ्थ्यौं। एकले अर्कोलाई नआएको सोध्ने र बताउने पनि हुन्थ्यो। लाग्थ्यो ठूलो अन्तर्क्रियालय भएको छ, त्यो घर। रमाइलो पनि फरक किसिमले। परीक्षाको अवधिभर यो रमाइलो चलिरह्यो।

खाना खाने बेलामा परीक्षार्थीलाई पहिलो प्राथमिकता दिएर सबैले खुवाउन चाहन्थे। आफ्नो थाल धुनुबाहेक अरू कुनै भाँडा माझ्नुपर्दैनथ्यो। बाहिर कलधारा नजीकै थियो। पानी खान, जूठो भाँडा माझ्न, हात धुन र चुठ्न, नुहाउन सजिलो थियो।

अब एउटा परीक्षा बाँकी थियो। अन्तिम रात बस्नुपर्ने थियो। त्यस रात सबैको विचार भयो कि फिल्म हेरौं। भोलिपल्ट सबैजना आआफ्नो घर फर्किन्छौं, आज रमाइलो गर्नुपर्छ। अन्तिम दिन स्वास्थ्य विषय थियो। स्वास्थ्य सजिलो लाग्छ, अझै पनि विद्यार्थीहरूलाई।

सम्साँझै खाना खायौं र भिडियो हलतिर गयौं। एक छिनमा फिल्म शुरू भयो– सनम बेवफा। फिल्म चलिरहँदा पनि विद्यार्थी, अभिभावक र स्थानीयहरू पैसा बुझाउँदै हेर्न आइरहे। त्यस दिन धेरै मानिस फिल्म हेर्न आए भन्ने सुनियो। सनम बेवफा सकिएपछि धेरै मानिस निस्के तर केहीले भने कि अर्को पनि फिल्म चलाउनु। हामी निस्कन लागेका थियौं तर हाम्रा अभिभावकमध्ये एकजनाले रोकेर भने– अर्को पनि फिल्म हेरौं। अनि हेऱ्यौं– तेजा।

स्वास्थ्य विषयसँगै परीक्षा पनि सकियो। केन्द्रबाट डेरामा आउँदा खाना पनि तयार थियो। कतिपय साथीको टायरगाडा आएको थियो, सामानसहित लैजानलाई। खाना खाँदा कुनै ठूलो भोजको अनुभूति भयो सबैलाई। अन्तिम भोज थियो। छुट्टिने बेलामा धेरैका आँखामा बिछोडको भाव छचल्किइरहेको थियो।

### दी अमेरिकन ...

कानून आदि सहयोगी भएको र अमेरिकाको सामाजिक वातावरणले व्यापार–व्यवसाय गर्नेहरूलाई प्रोत्साहित गर्ने भएकोले अन्य देशहरूबाट अमेरिका आएर अमेरिकाभित्र व्यापार वा व्यवसाय सञ्चालन गर्नेहरूले अमेरिकामा व्यापार वा व्यवसाय सञ्चालन गर्न सजिलो मान्छन्। व्यापारिक क्षेत्रमा प्रवेश गरेर अति धन आर्जन गर्ने उद्देश्य राख्ने, अध्ययन एवं अनुसन्धानको क्षेत्रमा लागेर खास उपलब्धि हासिल गर्न खोज्ने र शिक्षा क्षेत्रमा आफ्नो प्रतिभा देखाउन चाहने जस्ता दृढ उद्देश्य राख्ने प्रतिभावान् व्यक्तिहरूको लागि अमेरिका सुनौलो अवसर प्रदान गर्ने देश भने हो। विश्वका अन्य देशबाट अमेरिका आएर, अमेरिकामा कठोर परिश्रम गरेर, विभिन्न व्यक्तिहरूले आफ्नो सपना साकार गर्न सक्छन्। तर अमेरिका आएर कुनै काम नगरेर, परिश्रम नगरेर, केवल अमेरिका आएको भरमा मात्र कुनै व्यक्ति सुविधायुक्त जीवन बाँच्ने स्थितिमा पुग्न सक्दैन।

# सिंगौलमा वन क्षेत्र अतिक्रमण बढ्दो वडाध्यक्षद्वारा वन समूहविरुद्ध उजूरी

प्रस, निजगढ, १७ चैत/

निजगढ नगरपालिका–१ सिंगौलमा वन क्षेत्र अतिक्रमण बढ्दो छ। जनशक्ति सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रभित्र करीब दुई हेक्टरभन्दा बढी वन क्षेत्रको जमीनलाई स्थानीयले कब्जा गर्दै घेराबार लगाइ खेतीपाती गर्न थालेपछि वन क्षेत्र अतिक्रमणको चपेटामा परेको हो।

विगत केही वर्षदेखि वन समूहको निष्क्रियताका कारण स्थानीयहरूले वन समूहको जमीन अतिक्रमण गरी खेतीपाती गर्दै आएका हुन्। सिंगौलको नमूनाबस्तीको दक्षिणतर्फको भित्री ग्राभेल सडकसँगैको केही बीच र छेउको भागबाहेक अधिकांश वन क्षेत्रलाई स्थानीयहरूले घेराबार गरी अतिक्रमण गरेका छन्। अतिक्रमण हटाउन स्थानीय वन उपभोक्ता समूह र सबडिभिजन वन कार्यालयले चासो देखाएका छैनन्।

वन समूहले वार्षिक साधारणसभा नगरेको, पदाधिकारीहरूको पदावधि सकिएको, कोषाध्यक्षको निधन भएको, वन समूहका पदाधिकारीहरूले वन संरक्षणमा चासो नदेखाएको आरोप लगाउँदै गत फागुन २८ गते वडाध्यक्ष मङ्गल लोप्चनले डिभिजन वन कार्यालय, सिमरामा वन समूहविरुद्ध उजूरी गरेका थिए।

वन समूहविरुद्ध वडाध्यक्षले उजूरी गरेसँगै वन समूहले वार्षिक साधारणसभा सम्पन्न गर्न वन समूहको खातामा रकम अभावका कारण ढिलाइ भइरहेको जानकारी दिएको वन समूहका अध्यक्ष निर्मल केसीले बताए। चैत ४ गते वडाध्यक्षसहित वन समूहका पदाधिकारीहरूबीच भएको छलफलमा साधारणसभा गर्न वडाध्यक्ष लोप्चनले तत्कालका लागि रकम उपलब्ध गराउने बताएपछि भोलि चैत १८ गते वन समूहको वार्षिक साधारणसभा तय गरे पनि अहिलेसम्म रकम उपलब्ध नभएकोले तोकिएकै समयमा साधारणसभा हुनेमा आशङ्का रहेको अध्यक्ष केसीले बताए।

उनले वनको संरक्षण, विकासको काम गर्दागर्दै ढलापडा रूखको छपान, कटानको आदेश लिने प्रक्रियामा अघि बढ्दा विभिन्न आरोप लगाइ वडाध्यक्षबाट नै असहयोग हुने काम भएको र पछि वन समूह कार्यसमिति निष्क्रिय हुन गएको बताए।

अहिले वन समूह सक्रिय नरहेको र पहिले अतिक्रमण हटाएको तथा पुनः अतिक्रमणको प्रयास भएको र आफूहरूले सोको निगरानी गर्ने निजगढ सबडिभिजन वन कार्यालय, भमराका प्रमुख एवं सहायक वन अधिकृत रघुनाथ दासले बताए।

डिभिजनल वन अधिकृत विनोद सिंहले कुनै पनि बहानामा बोटबिरूवा, रूख, वन पैदावर हानिनोक्सानी गर्न नहुने, वनजङ्गल क्षेत्र अतिक्रमण गर्नेविरुद्ध यथाशीघ्र मातहतका निकायलाई निर्देशन दिई कारबाही प्रक्रिया अघि बढाउने बताए। जिल्लाका विभिन्न स्थानमा गरी करीब १० हजार हेक्टर वन क्षेत्र अतिक्रमण भएको सो कार्यालयको तथ्याङ्कमा छ।



निजगढ–१ सिंगौलस्थित जनशक्ति सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रमा भएको अतिक्रमण। तस्वीरः जीतलाल श्रेष्ठ

## राजावादीहरूको प्रदर्शन

प्रस, वीरगंज, १७ चैत/

राजावादी संयुक्त मोर्चाले शुक्रवार वीरगंजमा प्रदर्शन गर्दै राजतन्त्रको माग गरेको छ।

वीरगंजको घण्टाघरबाट निकालिएको र्‍यालीमा 'राजा ल्याऊ, देश बचाऊ', 'आयो आयो राजा आयो', '२०७२ सालको संविधान खारेज गर', 'गणतन्त्र मुर्दाबाद', 'सङ्घीयता खारेज गर', 'नेता चोर देश छोड' नारा अङ्कित प्लेकार्डसहित नगरपरिक्रमा गरेर पुनः घण्टाघरमा पुगी कोणसभा गरेर समापन भएको थियो।

कोणसभामा मोर्चाका अध्यक्ष जनकलाल साह, पृथ्वी झा, वीरेन्द्र थापा, शम्भुप्रसाद चौरसिया, राधाकृष्ण चौहान, सन्तोष गुप्ता, हरेराम रौनियार, राजेश यादव, लालसा देवी, सङ्गीता साह, चुलाई मियाँ, शम्भु घिमिरेलगायतले राजतन्त्रको माग गरेका थिए।

## ठोरीमा निश्शुल्क स्वास्थ्य शिविर

प्रस, सेढवा, १७ चैत/

ठोरी गाउँपालिकामा निश्शुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ।

ठोरी गापाको आयोजना र प्रभु अस्पताल, वीरगंजको प्राविधिक सहयोगमा सञ्चालित शिविरमा प्रसूति तथा स्त्रीरोग, हार्ड तथा नसारोग, बालरोगका बिरामीहरूको निश्शुल्क चेकजाँच गरिएको थियो। यसका साथै फिस्टुला, आङ खस्ने, बाझोपन र स्तन क्यान्सर तथा भिआइए प्रविधिबाट पाठेघरको मुखको क्यान्सरको चेकजाँच पनि गरिएको थियो। शिविरमा ५३३ जनाको स्वास्थ्य परीक्षण गरिएको स्वास्थ्य शाखा प्रमुख रमेशराज थिङले बताए। शिविरमा प्रयोगशाला सेवा र फिजियोथेरेपीको व्यवस्था गरिएको प्रभु अस्पताल, वीरगंजका दिलीपराज कार्कीले बताए।

शिविरको उदघाटन गापाध्यक्ष लालबहादुर श्रेष्ठले गरेका थिए। शिविरमा डा लक्ष्मी थापा, डा रोबिन्स साह, डा असलम अन्सारी, डा शिवकुमार झालगायतले स्वास्थ्य परीक्षण गरेका थिए भने निश्शुल्क औषधि पनि वितरण गरिएको थियो।






# खेलकूदको संसार

## जीतपुरसिमरा र गिरिजाप्रसाद कोइराला फुटबल प्रतियोगिता उपाधि जित्ने फाइनलमा पुगेका टीमहरूको दाबी

प्रस, वीरगंज, १७ चैत/

बाराको सिमरा रङ्गशाला र पर्साको आदर्शनगर रङ्गशालामा जारी १३औं जगदम्बा जीतपुरसिमरा गोल्डकप फूटबल र दोस्रो प्रदेशस्तरीय गिरिजाप्रसाद कोइराला फूटबल प्रतियोगिताको फाइनल खेल भोलि शनिवार हुँदैछ।

१३औं जगदम्बा जीतपुरसिमरा गोल्डकप प्रतियोगितामा शनिवार हुने फाइनल खेलमा हिमालयन शेर्पा र चर्च ब्वाइज युनाइटेड भिड्ने छन् भने दोस्रो प्रदेशस्तरीय गिरिजाप्रसाद कोइराला फूटबल प्रतियोगिताको फाइनलमा बारा–११ र वीरगंज युथ एकेडेमी भिड्नेछन्।

जगदम्बा जीतपुरसिमरा गोल्डकप फूटबल प्रतियोगिता १२ वर्षदेखि निरन्तर जारी छ र यो संस्करण चैत ८ गतेबाट शुरू भएको हो। प्रतियोगिताको सुरुआतका वर्षमा विजेतालाई दुई लाख नगद, शिल्ड, मेडल, प्रमाणपत्र प्रदान गरिएको थियो भने अहिले यो प्रतियोगितामा विजेताले १० लाख नगद, शिल्ड, मेडल र प्रमाणपत्र पाउनेछन्। उपविजेताले साढे पाँच लाख र उत्कृष्ट खेलाडीले मोटरसाइकल तथा विभिन्न विधाका उत्कृष्टहरूले जनही २०/२० हजार नगद पाउनेछन्।

फाइनलमा सहभागी हिमालय शेर्पा जगदम्बा जीतपुरसिमरा गोल्डकप फूटबल प्रतियोगिताको दोस्रो संस्करणको विजेता हो। चर्च ब्वाइज भने प्रतियोगितामा पहिलोचोटि सहभागी भएको हो। दुवै टीमले दुई/दुई वटा जीत निकालेर फाइनलसम्मको यात्रा तय गरेका हुन्। पहिलोपटक प्रतियोगितामा सहभागी भएको चर्च र गोल्डकपको दोस्रो संस्करण जितेको हिमालयन शेर्पा दुवै टीमले भोलि फाइनल खेल जित्ने दाबी गरेका छन्।

यता वीरगंजको आदर्शनगर रङ्गशालामा चैत ११ गतेदेखि शुरू भएको दोस्रो प्रदेशस्तरीय गिरिजाप्रसाद कोइराला फूटबल प्रतियोगिताको फाइनल पनि शनिवार हुँदैछ। २०७६ माघ १८ गते पहिलो संस्करणको प्रतियोगिता भएको थियो। त्यसपछि कोरोनाका कारण प्रतियोगिता हुन सकेको थिएन। यस वर्षदेखि पुनः शुरू गरिएको आयोजक जिपी कोइराला फाउन्डेशन, पर्साका अध्यक्ष धीरज गुप्ताले बताए।

यस वर्षको फाइनलमा पहिलो संस्करणको उपविजेता बारा–११ र यस वर्ष फाइनलको यात्रा तय गरेको वीरगंज युथ एकेडेमीबीच हुन गइरहेको छ। दुवै टीमले दुई/दुई खेल जितेर फाइनलसम्मको यात्रा तय गरेका हुन्। भोलिको फाइनल खेलमा दुवै टीमले उपाधि जित्ने दाबी गरिरहेका छन्।

प्रतियोगिताका विजेतालाई एक लाख ५१ हजार नगद र उपविजेतालाई ५१ हजार नगद शिल्ड, मेडल र प्रमाणपत्र वितरण गरिने फाउन्डेशनका मधेस प्रदेश अध्यक्ष महमद सहाबुद्दीनले बताए।

## ओलम्पिकको एशिया छनोटका लागि महिला फूटबल खेलाडीको घोषणा

काठमाडौं, १७ चैत/रासस

पेरिस ओलम्पिकको एशिया छनोट अन्तर्गत पहिलो चरणको खेलका लागि शुक्रवार २२ सदस्यीय नेपाली खेलाडीको अन्तिम नाम सार्वजनिक गरिएको छ।

नेपालमा आयोजना हुने एशिया छनोट अन्तर्गत पहिलो चरणको खेलका लागि नेपाली महिला फूटबल टोलीका मुख्य प्रशिक्षक अनन्तराज थापाले एन्जिला तुम्बापो सुब्बाको कप्तानीमा २२ सदस्यीय नेपाली टोलीको घोषणा गरेका हुन्।

छनोट हुने नेपाली टोलीको गोलकीपरमा कप्तान एन्जिलासहित अन्जना रानामगर र उषानाथ छन्। त्यस्तै, डिफेन्डरमा समीक्षा घिमिरे, हीराकुमारी भुजेल, अमृता जैसी, विमला विक, निशा थोकर, पूजा राना र सिर्जना चेम्जोङ छन्।

यसैगरी, मिडफिल्डरमा रेनुका नगरकोटी, विमला चौधरी, सरु लिम्बू, दीपा शाही, सविता रानामगर, अनीता बस्नेत र अनीता केसी छन् भने फरवार्डमा अमीषा कार्की, रेखा पौडेल, सावित्रा भण्डारी, रश्मीकुमारी घिसिङ र निर्मला विक छन्।

ओलम्पिकको एशिया छनोटमा नेपाल समूह 'सी'मा परेको छ। यस समूहमा नेपाल र भियतनाम छन्। यसै समूहमा रहेका प्यालेस्टाइन र अफगानिस्तानले नखेल्ने भन्दै नाम फिर्ता लिएपछि दुई टोली मात्र सहभागी हुन लागेका हुन्।

छनोट अन्तर्गत नेपालले त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा भियतनामसँग दुई खेल खेल्नेछ। नेपालले पहिलो खेल यही चैत २२ गते खेल्नेछ भने दोस्रो खेल चैत २५ गते खेल्नेछ। छनोटको शीर्षस्थान हासिल गर्ने टोलीले दोस्रो चरणमा स्थान बनाउनेछन्।

## नवनिर्वाचित पदाधिकारीहरूको शपथग्रहण एवं पदस्थापन

प्रस, वीरगंज, १७ चैत/

वीरगंज उद्योग वाणिज्य सङ्घका नवनिर्वाचित पदाधिकारीहरूको शुक्रवार शपथग्रहणसँगै पदस्थापना भएको छ।

प्रमुख निर्वाचन अधिकृत बालमकुन्द खरेलले नवनिर्वाचित अध्यक्ष अनिलकुमार अग्रवालसहित पदाधिकारी, सदस्यहरूलाई शपथग्रहण गराउनुका साथै निर्वाचित भएको प्रमाणपत्र वितरण गरेका थिए।

कार्यक्रमका प्रमुख अतिथि सङ्घका पूर्वअध्यक्ष बाबुलाल चाचानले वीरगंज तथा यस क्षेत्रले राष्ट्रिय राजस्वमा पुर्‍याइरहेको योगदानअनुरूप सरकारले यहाँका समस्याहरूको समाधान नगरेको बताए। उनले नेपालकै ठूलो औद्योगिक कोरिडोरको रूपमा रहेको वीरगंज/पथलैया औद्योगिक कोरिडोरलाई भौतिक सुविधासम्पन्न बनाउने काम आजसम्म हुन नसकेको भन्दै दुःख व्यक्त गरे। उनले मुलुकको वर्तमान आर्थिक अवस्था, बैंक तथा वित्तीय संस्थाको भूमिका, उद्योग व्यापारको अवस्थालाई तत्काल राहत प्रदान गर्ने गरी राज्यले नीति नियम र प्रवर्द्धनात्मक कार्यक्रमहरू शीघ्र घोषणा हुनुपर्ने बताए।

कार्यक्रममा नवनिर्वाचित अध्यक्ष अनिलकुमार अग्रवालले पर्सा/बारा क्षेत्रका ऐतिहासिक पृष्ठभूमि, आर्थिक महत्त्व, सम्भावना र चुनौतीबारे चर्चा गर्दै दुई वर्षे कार्यकालका योजना तथा नीतिहरूबारे जानकारी गराएका थिए। कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासङ्घ मधेस प्रदेशका अध्यक्ष अशोककुमार टेमानी, पूर्वअध्यक्ष गणेश लाठ, सांसद प्रभु हजरा, वीणा जयसवाल, बारा उद्योग वाणिज्य सङ्घका अध्यक्ष राजकुमार साहलगायतले गुणस्तरीय उत्पादनलाई बजारीकरण गर्नलाई गर्नुपर्ने चुनौतीको अवस्थामा बैंकको नीतिले निजी क्षेत्र प्रताडित भएको बताए। कार्यक्रमको सहजीकरण वीउवासङ्का अधिकृत मनोज उपाध्यायले गरेका थिए।




### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |


## चट्याङबाट आफू बचौं र अरूलाई पनि बचाऔं

**चट्याङबाट बच्न,**

**घरबाहिर हुनुहुन्छ भने,**

- अग्लो र एक्लो रूखमुनि नबस्ने,
- पौडिने, माछा मार्ने तथा र्‍याफ्टिङजस्ता क्रियाकलाप नगर्ने,
- खुल्ला मैदानमा नबस्ने,
- धातुबाट बनेका तारबारनजीक नबस्ने,

**घरभित्र हुनुहुन्छ भने,**

- विद्युतीय सामग्रीहरू जस्तै टिभी, कम्प्युटर, फ्रीज, वाशिङ मेशिननजीक नबस्ने र प्रयोग नगर्ने,
- तारसहितको टेलिफोन (ल्यान्डलाइन) प्रयोग नगर्ने,
- घरबाट बाहिर ननिस्किने,
- धारामा नुहाउने, लुगाधुने र भाँडा माझ्ने काम नगर्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड